# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विगु गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विगु गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

विगु गाउँपालिका

दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा गाउँपालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १३३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

विगु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

विगु, दोलखा ।

१. **कैफियत सहितको राय -** हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड २१ लाख ८० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ७३ लाख ६५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३० लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७३ लाख ७ हजार र नियमित गर्नुपर्ने रु.२ करोड ४४ लाख ९३ हजार समेत गरी यस वर्ष रु. ३ करोड ४८ लाख १५ हजार बेरुजू कायम रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु. २२ करोड ५३ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड २ लाख ६ हजार रहेको छ । **यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने विगुगाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

विगु गाउँपालिका,

दोलखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | १२८ | ४२१८० | ० | ४ | ७३६५ | ७२ | १२४ | ३४८१५ | ३०१४ | २४४९३ | ७३०७ | ० | ० | ३१८०१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | २२५३९१ | ० | ० | २२५३९१ | ० | ३४८१५ | २६०२०६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३.४ | सञ्चितकोष दाखिला गरेको प्रमाण पेश गरेको | ६२७६००१.४१ |
| २ | ०७९।०८० | २० | असूल गरेको प्रमाण पेश गरेको | १००००० |
| ३ | ०७९।०८० | २१ | असूल गरेको प्रमाण पेश गरेको | ९८०००० |
| ४ | ०७९।८० | ४५ | असूल गरेको प्रमाण पेश गरेको | ८७१२ |
| | **चालु वर्षको जम्मा** | | | **७३६४७१३.४१** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | **२०७८।७९** | - | - | - |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | **कुल जम्मा** | - | - | **७३६४७१३.४१** |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल ६६३.२ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ८ सभा सदस्य संख्या ४५ तथा जनसंख्या १६४९० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३१ देखि २०८०।६।४ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष आन्तिरक आयबाट रु. ७३६६४७९, राजस्व बाँडफाँड रु. १७२४४२३५९.७३ संघ र प्रदेश अनुदानबाट रु ३७९२५२८०४ समेत रु ६०६७८८२३७ कुल आय रहेकोमा चालु तर्फ रु ३३०६९०३६८.८० र पूँजीगत तर्फ रु.२३०८२३८५०।२८ समेत रु. ५६३३९८०७६।८९ खर्च भएको देखिन्छ । सो को विस्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **आय-व्यय स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची - ३** मा संलग्न रहेको छ।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

३.१ **वित्तीय विवरणको यथार्थता -** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा गाउँपालिकाले सामाजिक सुरक्षातर्फको रु.१०,५६,९६,३८४ , तथा स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.१,००,००,००० समेत गरी रु.११,५६,९६,३८४ SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन । जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३.२ **फरक हिसाब -** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ४२३०६७७९ यस वर्षको प्राप्ति रु. ५५८७२३८९७.६ र यस वर्षको भुक्तानी रु. ५६२३९९९६५.०८ रहेकोमा गत वर्षको जिम्मेवारी र यस वर्षको प्राप्तिमा देहायअनुसार फरक परेको छ । SuTRA मा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७२ ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| SuTRA अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६५७१०८०१ | ५५९०६१६४४ | ५६३३९८०७६.८ | ४४९१०१५९.९५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४२३०६७७९ | ५५८७२३८९७.६ | ५६२३९९९६५.०८ | ३९०१६४७५.५४ |
| **फरक** | **२३४०४०२२** | **३३७७४६.१४** | **९९८१११.७१** | **५८९३६८४.४१** |

३.३ **फरक जिम्मेवारी -** गाउँपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गाउँपालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६५७१०८०१ मौज्दात रहेकोमा यो वर्ष रु. ४२३०६७७९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २३४०४०२२ कम जिम्मेवारी सारेको देखिएको छ । यस सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

३.४ **स्रेस्तामा भन्दा बैङ्कमा घटी मौज्दात -**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी सञ्चितकोष दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु. ६,२७६,००१.४१ सम्परीक्षण गरिएको ।)***

३.५ **कर दायित्व -** गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१४२००- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२०० |

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको सम्बन्धमा यकिन गर्न सक्ने अवस्था देखिँदैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन्ः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।

• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।

• स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्णतः पालना भएको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले गाउँपालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बधमा यकिन गर्न सकिएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

• गाउँपालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सोको कार्यान्वयन भएको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन भएको पाइएन ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य भएको पाइएन ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राखु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना भएको पाइएन ।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको देखिएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख रहेको पाइएन ।

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख राखेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन पक्ष मजोर रहेको पाइयो ।

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले अन्तरसरकारी अख्तियारी बाहेकको आन्तरिक लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

६ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा रु.३१९८४७६७ र प्रदेश सञ्चित कोषमा रु.१४९७१५३३ गरी जम्मा रु. ४६९५६३०० देहायअनुसार २०७९ श्रावणमा मात्र फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|
| संघीय सरकार | ३०५६१२७८.२१ | २०८०।४।९ र ४।७ |
| प्रदेश सरकार | १६०६४०० | २०८०।४।७ |
| **जम्मा** | **३२१६७६७८.२१** | |

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **खर्च विश्लेषण -** गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. 7366479, राजस्व बाँडफाँड रु. १७२४४२३५९.७३ संघ र प्रदेश अनुदानबाट रु ३७९२५२८०४ समेत रु ६०६७८८२३७ आम्दानी भएकोमा चालु तर्फ रु ३३०६९०३६८.८० र पूँजीगत तर्फ रु.२३०८२३८५०.२८ ।- समेत रु. ५६३३९८०७६.८९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. ६१५६९१८ - खर्च भएको छ जुन आन्तरिक आयको ८३.५८ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.६९ प्रतिशत चालु र ४१.३१ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते

भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।०३।१० गते रु. ६९ करोड १४ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९०३।२५ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० **बजेट विनियोजन** - गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल बजेट रु. ६९ करोड १४ लाख ७९ हजारमध्ये चालु खर्च र पूँजीगत खर्चमा देहायअनुसार बजेट विनियोजन गरेको पाइयो ।**(रु. हजारमा)**

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६९१४७९ | ४०६१२८ | ५८.५९ | २८५३५१ | ४१.२७ |

उक्त विवरण अनुसार गाउँपालिकाको यस आर्थिक वर्षमा कुल रु ६९१४७९००० बजेट विनियोजन भएकोमा चालु तर्फ रु ४०५८२१८००० (५८.५९) प्रतिशत र पूँजीगत तर्फ रु २८५३५१००० (४१.२७) प्रतिशत बजेट विनियोजन भएको छ । जस अनुसार चालु खर्तचर्फ भन्दा पूँजीगत तर्फ न्यून विनियोजन भएको देखिन्छ ।

११ **बजेट तथा पूँजीगत खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| क्र.स | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | २८५३५१ | २३०८२४.२८ | ८०.८२ |

गाउँपालिकाले यस वर्ष पूँजीगत तर्फ रु.२८५३५१००० विनियोजन गरेकोमा रु.२३०८२३८५०.२८ खर्च गरेको छ जुन ८०.९ प्रतिशत मात्र हुन आउँछ ।

१२ **बजेट तथा चालु खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

| क्र.स | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४०६१२८ | ३३०६९०.८० | ८१.४२ |

गाउँपालिकाले यस वर्ष चालु तर्फ रु ४०५८२१८००० विनियोजन गरेकोमा रु ३३०६९०३६८.८० खर्च गरेको छ जुन ८१.४२ प्रतिशत हुन आउँछ ।

१३ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको

प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्चको प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४९८१७५०० | ३२५१३७९३ | ५.७९ |
| सामाजिक क्षेत्र | २४१८७१००० | २०२४२५३७० | ३६.०६ |
| पूर्वाधार विकास क्षेत्र | २२०८७५००० | १७१४६०४२० | ३०.५४ |
| वातावरण तथा विपद् व्यवस्थापन | ८०००००० | ५९९०२१० | १.०६ |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | |
| वित्तीय व्यवस्थापन र सुशासन | १९९८३५०० | १४४९२३२८ | २.५८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १५०९३२००० | १३४४३९२५१.८० | २३.९५ |
| **जम्मा** | **६९१४७९०००** | **५६१३२१३३६.८०** | **१००** |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३६.०६ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा सबै भन्दा घटीमा १.०६ प्रतिशत खर्च भएको पाइयो ।

१५ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | संघीय पूँजीगत | २०१७१२७१ | ० | ५६०९३७८ | १४५६१८९३ | १२६४५५९६ |
| २ | प्रदेश पूँजीगत | ४६५०१७३९ | ० | २३३३९७५ | ४४१६७७६४ | २९८५५९४१ |
| ३ | गाउँपालिका पूँजीगत | १६३९५७९५९ | ८१४५६४० | ५०११७१४३ | १०५६९५१७५ | ३७७३०२०६ |
| | कूल खर्च | २३०६३०९६९ | ८१४५६४० | ५५३६०४९६ | १६२६२४८३२ | ८०२३१७४३ |
| | खर्च प्रतिशत | ८०.८२ | ३.५४ | २४.०० | ७०.५२ | ३४.७८ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ८०.८२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३४.७८ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१७ **सेवा प्रवाह -** गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १९१२ जनालाई देहाय बमोजिमको सेवा प्रवाह गरेको पाइयो ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | ३८३ |
| मृत्यु दर्ता | १५५ |
| बसाइँ सराइ दर्ता | २९ |
| विवाह दर्ता | १३२ |
| सम्बन्ध विच्छेद दर्ता | १६ |
| नागरिकता सिफारिस | ५५५ |
| घरबाटो सिफारिस | १९६ |
| नाता प्रमाणित | ४४६ |
| **जम्मा** | **१९१२** |

१८ **दरबन्दी र पदपूर्ति** - गाउँपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयो ।

| क्र.स. | स्वीकृत पद | संख्या | पदपूर्ति | | | रिक्त संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | | | - | १ |
| २ | ईन्जिनियर | १ | | १ | | ० |
| ३ | अधिकृत शिक्षा | १ | १ | | | ० |
| ४ | अधिकृत प्रशासन | २ | १ | ० | | १ |
| ५ | अधिकृत प्रशासन लेखा | १ | | | | १ |
| ६ | आन्तरिक लेखापरिक्षक | १ | १ | | | ० |
| ७ | सहायक प्रशासन पाचौं | ७ | ३ | | | ४ |
| ८ | कम्प्युटर अपरेटर | १ | | | | १ |
| ९ | लेखा सहायक पाचौं | १ | | | | १ |
| 10 | प्रा.स शिक्षा | १ | १ | | | ० |
| ११ | हे.अ. | १ | १ | | | ० |
| १२ | सव-ईन्जिनियर | ४ | १ | १ | | २ |
| १३ | अ.सव. ईन्जिनियर | ६ | २ | ३ | | १ |
| १४ | खा.पा.स.टे. | १ | १ | | | ० |
| १५ | प्रशासन सहायक चौथो | ५ | १ | | | ४ |
| १६ | स. महिला विकास सहायक | १ | | | | १ |
| १७ | भेटेनरि अधिकृत | १ | | | | १ |
| १८ | भेटेनरि सहायक पाचौं | ३ | २ | | | १ |
| १९ | भेटेनरि सहायक चौथो | ४ | ४ | | | ० |
| २० | कृषि अधिकृत | १ | | | | १ |
| २१ | कृषि सहायक पाचौं | ३ | १ | | | २ |
| २२ | कृषि सहायक चौथो | २ | १ | १ | | ० |
| 23 | स्वास्थ्य अधिकृत | ८ | २ | | | ६ |
| २४ | स्वास्थ्य सहायक पाचौं | १६ | १२ | २ | | २ |
| २६ | स्वास्थ्य सहायक चौथों | १६ | १६ | | | ० |
| **जम्मा** | | ८९ | ५१ | ८ | | ३० |

**(क) तलबी प्रतिवेदन** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्थायी कर्मचारीलाई रु. १८३६३४५२ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएको देखिएन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

**(ख) पद रिक्तताको सूचना** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत कर्मचारी दरबन्दी ८९ जना रहेकोमा देहाय बमोजिम ५१ जना स्थायी, ८ जना करारमा कार्यरत रही ३० पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

१९ **नक्सा दर्ता र पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । गाउँपालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| **आर्थिक वर्ष** | **नक्सा दर्ता संख्या** | **नक्सा पास संख्या** |
|---|---|---|
| २०७९/८० | २ | २ |

उपरोक्त विवरण अनुसार यो वर्ष गाउँपालिकाले जम्मा २ वटा नयाँ नक्सा दर्ता र २ वटा नक्सापास गरेको छ । त्यसैगरी गाउँपालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

२० **पेश्की बाँकी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी तथा सेवा प्रदायकलाई पेश्की प्रदान गर्ने तथा फर्स्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीलाई प्रदान गरेको पेश्की समयमा गर्नुपर्दछ ।

| **बजेट उप-शीर्षक** | **पेश्कीको विवरण** | **पेश्की लिएको मिति** | **कर्मचारी/निर्माण व्यवसायीको नाम** | **म्याद ननाघेको पेश्की रु.** |
|---|---|---|---|---|
| ८०३२३५०५५०२ चालु | पारिश्रमिक कर्मचारी | २०७९।७।२३ | रुपक ठकुरी | १८८८४०गत आव को पेश्की अल्या |
| ८०३२३५०५००१ पूंजीगत | गैर आवासीय भवन निर्माण/ खिरद | २०७९।७।२३ | बानिया त्रिवेणी लाफा जे.भि | २०००००० |
| ८०३२३५०५००१ पूंजीगत | आवासीय भवन निर्माण/खरिद | २०७९।७।२३ | लामा बुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.लि | ३६०००० |
| ८०३२३५०५५०२ चालु | पारिश्रमिक कर्मचारी | २०७९।९।२३ | राम नरेश यादव | ५०००० गत आ व को पेश्की अल्या |
| **जम्मा** | | | | **२५९८८४०** |

✍ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर राजु थामीको पेश्की फर्स्यौट गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.१,००,००० सम्परीक्षण गरिएको ।)***

२१ **सेनिटरी प्याड खरिद पेश्की फर्स्यौंट नभएको -**

✍ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.९,८०,००० सम्परीक्षण गरिएको ।)***

२२ **लागत अनुमान तथा दर विश्लेषण सम्बन्धमा -** सार्वजनिक खरिद नियमावली, २064 को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्यालाको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था छ ।

यस गाउँपालिका कार्यालयले जिल्ला दररेट निर्धारण समितिकै निर्णयानुसार स्थानीय निर्माण सामग्रीको लागि दोलखा जिल्लाको स्वीकृत दर तथा गैर-स्थानीय निर्माण सामग्रीको लागि काठमाडौं जिल्लाको स्वीकृत दररेट दर प्रयोग गर्ने निर्णय गरेको पाइयो । काठमाडौं जिल्लाको स्वीकृत दररेटमा त्यहाँदेखि गाउँपालिका केन्द्रसम्मको १७२ कि. मि. दुरीको ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्ने गरेको पाइयो।

गाउँपालिका अन्तर्गत अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् हुने गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत् निर्माण भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा उल्लिखित Non-Local निर्माण सामग्री स्थानीय बजार जिरीमा नै खरिद गरेको पाइएको र ती सामग्रीको दररेट कार्यालयले ढुवानी लागत विश्लेषण गरी तय गरेको दरभन्दा ३४.१३ प्रतिशतसम्म सस्तो रहेको पाइयो । निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य दोस्रो वा तेस्रो जिल्लाको दररेट प्रयोग गरिरहनुपर्ने आवश्यकता देखिँदैन । अधिकांश स्थानीय व्यवसायीले कार्यालयले तय गरेको दरभन्दा न्यून दरमा नै स्थानीय बजारम निर्माण सामग्री उपलब्ध गराएको देखिएकोले त्यहाँदेखिको ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्दा गाउँपालिकालाई ठुलो व्ययभार परेको देखिएको छ । अतः यस सम्बन्धमा छानबिन गरी यसबाट पर्न गएको थप व्ययभार यकिन गर्नुपर्दछ साथै निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य जिल्लाको दररेट प्रयोग नगरी स्थानीय दररेट निर्धारण गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

उपभोक्ता समिति मार्फत् निर्माण कार्य भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा कार्याललले निर्धारण गरेको दररेटभन्दा स्थानीय व्यवसायीको दररेट देहाय अनुसार न्यून रहेको पाइयो ।

| निर्माण सामग्री | एकाइ | गाउँपालिकाले तय गरेको प्रति एकाइ दर (मू.अ. कर बाहेक) रु. | स्थानीय बजार | | |
|---|---|---|---|---|---|
| | | | चरिकोट | सिंगटी | न्यून प्रतिशत |
| सिमेण्ट (ओपीसी) | बोरा | ८९३।८० | ६९६।- देखि ७५३।- | ७१०।- देखि ७३४।- | २२.१३ |
| डण्डी (विभिन्न साइज औसत) | १०३।५९ | - | - | १०२।- | १.५३ |
| ग्याबियन बक्स (2*1*1) | गोटा | ३१८०।९० | ३१८५।- | ३१००।- | २.५४ |
| ग्याबियन बक्स (1.5*1*1) | गोटा | २२६२।४५ | - | २२५६।- | ०.२७ |
| इँट्टा | गोटा | २५।८१ | - | १७ | ३४.१३ |

२३ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस गाउँपालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३०८२३८५०.२८।- पूँजीगत खर्च (मालसामान खरिद तथा निर्माण कार्य) गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **निर्माण कार्य व्यवस्थापन** - गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम रु. | संख्या | रकम रु. |
| ३०६ | ५ | ४४७८१३३० | ३०१ | २३०६३०९६८ |

यस आर्थिक वर्षमा गाउँपालिकाले सञ्चालन गरेका कुल ३०६ योजनामा मध्ये ठेक्का मार्फत ५ वटा योजनामा रु.४४७८१३३० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३०१ योजनामा रु.२३०६३०९६८ खर्च गरेको छ । अर्थात् ३०६ योजनामा भएको खर्च मध्ये १६.२५ प्रतिशत ठेक्का प्रक्रिया र ८३.७५

प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । गाउँपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२६ **ठेक्का बन्दोबस्त -** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ। (यस सम्बन्धी विवरण **अनुसूची** - ४ मा छ ।)

२७ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ५ | ३१७००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ११० | १८९५८००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५८ | २०४८०००० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ७० | ४२७८४००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ५१ | ७२१४६००० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | २१ | १३०७६६००० |
| | **जम्मा** | **३१५** | २८५४५१००० |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित ३१५ योजना मध्ये २९७ योजनामात्र कार्यान्वयन भई १८ योजना कार्यान्वयन हुन सकेको देखिएन तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२८ **योजना कार्यान्वयन नभएको -** गाउँसभाबाट पारित भई बजेट व्यवस्था भएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा निम्नलिखित १८ योजना कार्यान्वयन भएको देखिएन । योजना कार्यान्वयन कार्यान्वयनमा रहेका समस्या पहिचान तथा समाधान गरी पारित योजना कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

| सि नं. | योजनाको नाम | स्वीकृत बजेट |
|---|---|---|
| १. | नंगरा देखि आलम्यु जोड्ने नंगरा खोलामा आर.सि.सि पुल निर्माण | ४,००,००० |
| २. | वडा कार्यालय भवन निर्माण, वडा.नं.८ | २०,००,००० |
| ३. | वडा कार्यालय भवन निर्माण, वडा.नं.८ | १०,००,००० |
| ४. | १५ वेड अस्पताल डि.पि.आर | १५,००,००० |
| ५. | रेस्ट हाउस निर्माण-बहुला पोखरी देखी देउढुङ्गा तीनपोखरी,ई.लुक | ८,००,००० |
| ६. | रेस्ट हाउस निर्माण-बहुला पोखरी देखी देउढुङ्गा तीनपोखरी,ई.लुक | १७,००,००० |
| ७. | विगु आइ .सि. टि. मास्टर प्लान | ४,००,००० |
| ८. | विगु आइ .सि. टि. मास्टर प्लान | ६,००,००० |
| ९. | गाँउगाउँपालिका सफ्टवयेर-एप्स निर्माण | १,००,००० |
| १०. | गाँउगाउँपालिका सफ्टवयेर-एप्स निर्माण | ३,००,००० |
| ११. | ग्याविन जाली खरिद, वडा.नं.७ | ६,००,००० |
| १२. | सहिद स्मारक निर्माण | १५,००,००० |
| १३. | विगु गाँउगाउँपालिका बृहत खानेपानी | २३,५०,००० |
| १४. | तटबन्ध निर्माण-लप्ची | १०,००,००० |
| १५. | चिलंखा दोरुङखोला सडक, विगु-५ | २०,००,००० |
| १६. | वडा नं. २ जगत देउलाङ सडक स्तरोन्नती | १७,४१,००० |
| १७. | वडा नं. २ जगत देउलाङ ओराङ सडक स्तरोन्नती | २,००,००० |
| १८. | जमुना प्रा.वि. वडा.नं. ७ छोइताङग गग्लते ठिङसाङ बार्हसिंगे सडक स्तरोन्नती | १९,०६,००० |

२९ **अनुत्पादक क्षेत्रमा लगानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा नगरपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन् ।

| भौचर नं. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| गा. पा. पूँजीगततर्फ | | |
| १८ | ढाक्रेबोट मन्दिर व्यवस्थापन | ४८०००० |
| २० | टासी छ्योलिङ्ग गुम्बा व्यवस्थापन | २०८००० |
| २७ | कोलेपा खेलकुन मैदान | १९२००० |
| ४७ | लप्ची गुम्बा गेष्ट हाउस | १४४०००० |
| ४८ | वायुथान मन्दिर | ३८४००० |
| ६७ | गुन्छा चिहान पूर्वाधार | ४८०००० |
| ९२ | घाट व्यवस्थापन | ३८४००० |
| १०१ | टासी छ्योलिङ्ग गुम्बा व्यवस्थापन | ९४०००० |

| | | |
|---|---|---|
| १०४ | गोङफोङ्ग चिहान व्यवस्थापन | ५७६००० |
| १५६, १९५ | आसिम मण्डली ध्यान केन्द्र तथा सामुदायिक भवन | ७६८००० |
| २०६ | तीनपोखरी युवा क्लब भवन | ३८४००० |
| २२९ | छोइताङ्ग छ्योलिङ्ग गुम्बा | १४४०००० |
| २७५ | साम्तेनालिङ्ग बेखुङ्ग गुम्बा | ९६०००० |
| २८३ | टासी छ्योइलिङ्ग गुम्बा | ६७२००० |
| २८६ | नाङपोल मन्दिर घेराबारा | ३८४००० |
| ३३९ | लादुक गुम्बा प्रवर्धन संस्था | ११०४००० |
| ३६६ | खोलिखिम महादेव मन्दिर | १३२०४९५ |
| 17 (संघ सशर्त) | शेर्पा सामुदायिक भवन निर्माण | १३२०४९५ |
| | | **१३४३६९९०** |

अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

३० **लागत अनुमान, नापी तथा प्राविधिक मूल्याङ्कन/बिल बेगर निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको हकमा जतिसुकै रकमको भए पनि नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार गरेर मात्र कार्य गर्नुपर्दछ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।

तर कार्यालयले विभिन्न वडामा सडक सरसफाइ (मेशिनद्वारा पहिरो पन्छाउने) कार्य गर्दा/गराउँदा लागत अनुमान तयार नगरी एक्साभेटर मेशिन प्रयोगको घण्टा र वडाध्यक्षको सिफारिशको आधारमा त्यस्तो कार्यको भुक्तानी गर्ने गरेको पाइयो । साथै उक्त कार्यको नापी किताब, प्राविधिक मूल्याङ्कन/बिल तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरेको देखिएन । अतः सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत कार्य गरी/गराई भुक्तानी गरेको देहायअनुसारको कार्य नियमसम्मत नदेखिएको रु.

| **भौ.नं./मिति (गा. पा. पूँजीगत)** | **योजनाको नाम** | **मेशिन उपयोग घण्टा** | **भुक्तानी रु.** |
|---|---|---|---|
| १५-०७९।७।२७ | वडा नं. १ भरिका सडक सरसफाइ (पहिरो पन्छाइ) | ६२ | ४००००० |
| २७-०७९।८।२९ | वडा नं. २ भरिका सडक सरसफाइ (पहिरो पन्छाइ) | ६७.६ | २५३४२५ |
| २५-०७९।९।१३ | वडा नं. ६ भरिका सडक सरसफाइ (पहिरो पन्छाइ) | ५०.८ | १९१८६१ |
| ४१-०७९।९।१५ | वडा नं. ३ भरिका सडक सरसफाइ (पहिरो पन्छाइ) | ४३.१ | २५८१२६ |

| | | | |
|---|---|---|---|
| ४५-०७९।९।२० | वडा नं. ७ भरिका सडक सरसफाइ (पहिरो पन्छाइ) | ९०.३ | ५४०८०६ |
| | | **जम्मा** | **१६४४२१८** |
| | | अनियमित भएको | १६,४४,२१८ |

३१ **विगु गाउँपालिका भवन निर्माण -** गाउँपालिका स्थित लादुकमा गाउँपालिका भवन निर्माणको लागि कार्यालयले आ. व. २०७७।७८ मा रु. ७,६०,८२,९८९।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ४,९२,४८,२९१।- (३७.९० प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी बानियाँ/त्रिवेणी/लामा जे.भी.सँग २०७९।६।३१ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१०।०५ मा सम्झौता भई गत आ.व.मा रु. १६०८२५८७।- र यस आ.व. मा रु. १४७६६०१३।- समेत आठौं रनिङ्ग बिलसम्म रु. ३०८४८६००।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३१.१ **भेरिएसन सम्बन्धमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले भवनको स्वीकृत डी. पी. आर.मा कंक्रिट, डण्डी, बृक वर्क्स लगायतका आइटममा आवश्यकताभन्दा घटी परिमाण समावेश भएको जनाई निम्नानुसार २१९ प्रतिशतसम्म भेरिएशन गरेको पाइयोः-

| **आइटम/विवरण** | **एकाइ** | **BoQ अनुसारको परिमाण** | **भेरिएशनपछिको परमाण** | **भेरिएशन प्रतिशत** |
|---|---|---|---|---|
| Brick Soling | Sq. m. | २५०.८२ | ८०१.४५ | २१९.५३ |
| PCC (1:2:4) (Ground Floor) | Cu. M. | १८.८१ | ६०.१० | २१९.५१ |
| Reinforcement (Rod) | MT | ८२.२६ | ११५.७३ | ४०.६९ |

कार्यालयले उल्लिखित आइटमहरुमा भएको भेरिएशनबाट कुल लागत अनुमान तथा कुल ठेक्का रकममा के कति परिवर्तन भयो, भेरिएशन आदेशमा सो सम्बन्धी केही खुलासा नगरेको साथै संशोधित लागत अनुमान तथा संशोधित ठेक्का रकमको आइटमवाइज भेरिएशन शीट तयार गरेको समेत देखिएन । जसको कारणबाट संशोधित लागत अनुमान रकम, संशोधित ठेक्का रकम तथा कुल भेरिएशन रकम र भेरिएशन प्रतिशत समेत यकिन गर्न सकिएन । अतः यस सम्बन्धमा छानबिन गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार

प्राविधिक पुष्ट्याइँ सहित भेरिएशन सम्बन्धी शीट/विवरण तयार गरी/गराई उक्त भेरिएशनबाट भवन निर्माण कार्यको कुल लागतमा परेको प्रभाव सम्बन्धमा यकिन गरिनुपर्दछ ।

३१.२ **थप व्ययभार** - निम्नलिखित आइटममा भेरिएसन गर्दा शुरुको परिमाणको २५ प्रतिशतसम्म पुरानै दररेट र सो भन्दा बढी परिमाणमा नयाँ दररेट कायम गरेको पाइयो । निर्माण व्यवसायीले बोलपत्र पेश गर्दा समग्र ठेक्कामा ३७.९० प्रतिशत न्यून कबोल गरेकोमा नयाँ दररेट कायम गर्दा सो अनुसार रेट नेगोसिएसन गरेको पाइएन । सो अनुसार रेट नेगोसिएसन नगरेको कारणबाट देहायअनुसार रु. १४२६३४।- थप व्ययभार परेको देखिएको रु.

| **आइटम/विवरण** | **एकाइ** | **नयाँ दर कायम गरेको परिमाण** | **भेरिएशनको समयको दर** | **ठेक्कामा न्यून कबोल गरे अनुसार हुने दर** | **कार्यालयबाट कायम दर** | **बढी दर** | **थप व्ययभार रु.** |
|---|---|---|---|---|---|---|---|
| Brick Soling | Sq. m. | ४८८.२० | १२७३ | ७९५।५३ | ८९५।- | ९९।४७ | ४८५६१ |
| PCC (1:2:4) (Ground Floor) | Cu. M. | ३६.५९ | १३०४२।४४ | ८०९९।३५ | ९०००।- | ९००।६५ | ३२९५५ |
| Reinforcement (Rod) | MT | १२.९०५ | १६३८७१ | १०१७६४ | १०६५०० | ४७३६।- | ६१११८ |
| **जम्मा** | | | | | | | **१४२६३४** |

| अनियमित भएको | १,४२,६३४ |
|---|---|

३१.३ **न्यून प्रगति** - निर्माण व्यवसायी बानियाँ/त्रिवेणी/लामा जे.भी.सँग २०७७।१०।०५ मा भएको खरिद सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७९।६।३१ सम्म रहेकोमा स्थानीय निर्वाचन, सडक अवरुद्ध, मूल्य वृद्धि लगायतका कारणले उक्त म्यादभित्र कार्यसम्पन्न हुन नसकेको जनाई २०८० आषाढ मसान्तसम्म म्याद थप गरेको पाइयो । तर २०८० आषाढ मसान्तसम्म पनि कार्य सम्पन्न भएको देखिएन । यसरी ठेक्काको कार्य अवधि शत प्रतिशत समाप्त भएकोमा कार्यप्रगति ५७.६४ प्रतिशत मात्र रहेको पाइयो । खरिद सम्झौताको म्याद २०८०।३।३१ सम्म रहेकोमा त्यसपछि म्याद थप सम्बन्धी कुनै कारबाही भएको देखिएन । अतः निर्माण व्यवसायीको लापरवाहीको कारणबाट ढिलाइ भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नु गराउनुपर्दछ ।

३२ **झोरुङ्ग खोला पुल निर्माण** - झोरुङ खोलामा २५ मीटर लम्बाइको आर सी सी पुल निर्माण गर्न कार्यालयले आ. व. २७७।७८ मा रु. ३४७,५२,८१६।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. २१६४६०१२।- (३७.७१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी बानियाँ/त्रिवेणी/लामा जे.भी. सँग २०७९।२।३१ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१०।५

मा सम्झौता भएकोमा समयमा काम सम्पन्न हुन नसकी २ पटक गरी २०७९।११।३० सम्म म्याद थप भई कार्यसम्पन्न भएको देखिन्छ । उक्त कार्यको लागि निर्माण व्यवसायीलाई रु. २४८९५४३७।- (भेरिएशन समेत) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३२.१ **भेरिएसन सम्बन्धमा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्याबियन प्रोटेक्शनको कार्य परिमाण बढ्न गएको जनाई उक्त कार्यमा निम्नानुसार 194.15 प्रतिशत भेरिएशन गरेको पाइयोः-

| **आइटम/विवरण** | **एकाइ** | **BoQ अनुसारको परिमाण** | **भेरिएशनपछिको परमाण** | **भेरिएशन प्रतिशत** |
|---|---|---|---|---|
| Gabion Works | Cu. M. | ४१८.६६ | १२३१.५० | १९४.१५ |

कार्यालयले उल्लिखित आइटमहरुमा भएको भेरिएशनबाट कुल लागत अनुमान तथा कुल ठेक्का रकममा के कति परिवर्तन भयो, भेरिएशन आदेशमा सो सम्बन्धी केही खुलासा नगरेको साथै संशोधित लागत अनुमान तथा संशोधित ठेक्का रकमको आइटमवाइज भेरिएशन शीट तयार गरेको समेत देखिएन । जसको कारणबाट संशोधित लागत अनुमान रकम, संशोधित ठेक्का रकम तथा कुल भेरिएशन रकम र भेरिएशन प्रतिशत समेत यकिन गर्न सकिएन । अतः यस सम्बन्धमा छानबिन गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्राविधिक पुष्ट्याइँ सहित भेरिएशन सम्बन्धी शीट/विवरण तयार गरी/गराई उक्त भेरिएशनबाट भवन निर्माण कार्यको कुल लागतमा परेको प्रभाव सम्बन्धमा यकिन गरिनुपर्दछ

३२.२ **थप व्ययभार** - निम्न आइटममा भेरिएसन गर्दा शुरुको परिमाणको २५ प्रतिशतसम्म पुरानै दररेट र सो भन्दा बढी परिमाणमा नयाँ दररेट कायम गरेको पाइयो । निर्माण व्यवसायीले बोलपत्र पेश गर्दा समग्र ठेक्कामा ३७.७१ प्रतिशत न्यून कबोल गरेकोमा नयाँ दररेट कायम गर्दा सो अनुसार रेट नेगोसिएसन गरेको पाइएन । सो अनुसार रेट नेगोसिएसन नगरेको कारणबाट देहायअनुसार रु. १४२६३४।- थप व्ययभार परेको देखिएको रु.

| आइटम/विवरण | एकाइ | नयाँ दर कायम गरेको परिमाण | भेरिएशनको समयको दर | ठेक्कामा न्यून कबोल गरे अनुसार हुने दर | कार्यालयबाट कायम दर | थप दर | थप व्ययभार रु. |
|---|---|---|---|---|---|---|---|
| Gabion Works | Cu. M. | ७०८.१८ | ५०१२।३६ | ३१२२।२० | ४०००।- | ८७७।८० | ६२१६४०।- |

| | |
|---|---|
| अनियमित भएको | ६,२१,६४० |

३३ **सिंगटी - सोरुङ सडक स्तरोन्नति (संघीय समपूरक आयोजना)** - संघीय सरकार र विगु गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा सिंगटी - सोरुङ सडक स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १३७,२५,१७५।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. १२२,५४,८६०।- (१०.७१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी सनस्टार मल्टिपर्पोज एण्ड कन्स्टरक्शन कं. प्रा.लि.सँग उक्त कार्य २०७९।११।०५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।७।२९ मा सम्झौता भई रु. १२२,७६,८३९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३३.१ **भेरिएशन बेगर सम्झौता रकमभन्दा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्रा. वि.धिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग मिति २०७९।७।२९ मा भएको खरिद सम्झौता बमोजिम सम्झौता रकम रु. १२२,५४,८६०।- देखिन्छ । तर निजलाई देहाय अनुसार रु. १२२,७६,८३९।- भुक्तानी भएको देखिएकोले रु. २१,९७९।- बढी भुक्तानी भएको देखिन्छ । अतः भेरिशसन आदेश स्वीकृति बेगर सम्झौता रकमभन्दा बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| भौ.नं./मिति | भुक्तानी रु. |
|---|---|
| ३६-०७९।९।१७ (गा. पा.) | ११३३०५१ |
| ८०-०७९।१०।१२ (गा. पा.) | ३४६७३७१ |
| २१९-०७९।१२।२२ (गा. पा.) | २३५९८७९ |
| ११-०७९।११।१७ | ४९७९३५६ |
| २१-०८०।२।०१ | ३३७१८२ |
| **जम्मा भुक्तानी** | **१२२७६८३९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,९७९ |

३३.२ **बीमा सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिसम्म कभर हुने गरी निर्माण सम्बन्धी सबै प्रकारका जोखिमहरुको बीमा गराउनुपर्ने व्यवस्था छ ।

यस खरिद सम्झौताको अवधि २०७९।७।२९ देखि २०७९।११।०५ सम्म ३ महिना ५ दिन रहेकोमा निर्माण व्यवसायीले २०२३.२.१६ देखि २०२३.२.१७ सम्म अर्थात् दिनको लागि मात्र बीमा गराएको देखियो । त्रुटि सच्याउने अवधिसम्म कभर हुने गरी निर्माण सम्बन्धी सबै प्रकारका जोखिमहरुको बीमा गराउने व्यवस्था हुनुपर्ने साथै बीमा बापत निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

३३.३ **गा. पा. स्रोतबाट बढी व्यहोरेको** - संघीय सरकार र विगु गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा सञ्चालित यस सडक निर्माणमा जम्मा रु. १२२,७६,८३९।- खर्च भएको देखिन्छ । लागत साझेदरी अनुसार दुवै पक्षकले रु. ६१३८८४२।- का दरले लागत व्यहोर्नुपर्नेमा गाउँपालिका स्रोतबाट रु.६९६०३०१।- र संघीय सरकारबाट रु.५३१६५३८।- मात्र व्यहोरेको देखियो । जस अनुसार गाउँपालिका स्रोतबाट रु. ८२१४५९।- र संघीय सरकारबाट त्यति नै रकम घटी व्यहोरेको पाइयो । अतः गाउँपालिका स्रोतबाट बढी व्यहोरेको रकम संघीय सरकारबाट सोधभर्ना लिनुपर्ने देखिन्छ ।

३३.४ **डिजाइनभन्दा फरक संरचना** - सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार १०० मीटर लम्बाइको प्लम कंक्रिट ड्रेन निर्माण गर्ने उल्लेख भएकोमा नापी किताब अनुसार ५०.5 मीटर मात्र निर्माण गरेको पाइयो । स्वीकृत डिजाइन अनुसार १ साइड प्लम वाल लगाउने उल्लेख भएकोमा २ साइड प्लम वाल लगाएका कारण शुरुमा प्रस्ताव गरेभन्दा आधा लम्बाइको नाला मात्र निर्माण भएको देखियो । यसरी प्राविधिक पुष्टयाइँ तथा भेरिएशन स्वीकृति बेगर आधा लम्बाइमा मात्र कार्य गराई ठेक्का फरफारक गरेको नियमसम्मत देखिएन ।

३४ **वडा नं. ३ जामुने-भिरमुनि बुलुङ सडक स्तरोन्नति (प्रदेश समपूरक आयोजना)** - बागमती प्रदेश सरकार र विगु गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा वडा नं. ३ जामुने-भिरमुनि बुलुङ सडक स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १६९,७४,३६४।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ९७,४२,२५९।- कबोल गर्ने निर्माण व्यवसायी थल्दिङ देवी निर्माण सेवा प्रा.लि.सँग उक्त कार्य २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।२६ मा सम्झौता भई रु. १०७,२८,११९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३४.१ **भेरिएसन सम्बन्धमा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका

क्रममा सिर्जना भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अर्थ वर्क, ड्रेन, आर सी सी/पी सी सी लगायतका आइटमको कार्य परिमाण बढ्न गएको जनाई रु. ९८५८६०।- अर्थात् १०.४४ प्रतिशत भेरिएशन गरेको पाइयो । कार्यालयले उल्लिखित कार्यहरुमा भएको भेरिएशनबाट कुल लागत अनुमान तथा कुल ठेक्का रकममा के कति परिवर्तन भयो, भेरिएशन आदेशमा सो सम्बन्धी केही खुलासा नगरेको साथै संशोधित लागत अनुमान तथा संशोधित ठेक्का रकमको आइटमवाइज भेरिएशन शीट तयार गरेको समेत देखिएन । अतः सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्राविधिक पुष्ट्याइँ सहित भेरिएशन सम्बन्धी शीट/विवरण तयार गरेर मात्र भेरिएशन आदेश जारी गरिनुपर्दछ ।

३४.२ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । संलग्न नापी किताब अनुसार सडक एक्साभेशन कार्य २३७०७ घ.मी. भएकोमा सोको ४० प्रतिशत (९२८२.८० घ.मी.) हार्ड रक कटिङ्ग रहेको पाइयो । तर खनिएको सडकमा स्टोन सोलिङ्ग तथा मेसनरी वालको कार्य गर्दा रोड वे एक्साभेशन प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत १६२.६३ घ.मी. स्टोन सोलिङ्ग तथा ६७४.८० घ.मी. मेसनरी वाल समेत ८३७.८० घ.मी. ढुङ्गा सम्बद्ध कार्य भएको देखिन्छ । रोड वे एक्साभेशनबाट प्राप्त हुने कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा १३७७.४८ घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. १२,१४,३७५।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,१४,३७५ |

३५ **वडा नं. २ जगत-देउलाङ-ओराङ सडक स्तरोन्नति (प्रदेश समपूरक आयोजना)** - बागमती प्रदेश सरकार र विगु गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा वडा नं. २ जगत-देउलाङ-ओराङ सडक स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १९०,९४,६०१।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ८४,६१,५८५।- कबोल गर्ने निर्माण व्यवसायी बुद्धपोखरी कन्स्ट्रक्शन प्रा.लि.सँग उक्त कार्य २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।१६ मा सम्झौता भई रु. १०७,२८,११९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३५.१ **ठेक्का बिलभन्दा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्रा. वि.धिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । उल्लिखित ठेक्का कार्यको अन्तिम बिल तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल मूल्याङ्कित रकम रु. ८१७२८५७।- रहेकोमा गा. पा. पुँजीगत शीर्षकको एक भौचरबाट रु. ३९७१८४५।- र प्रदेश सशर्त पुँजीगत शीर्षकबाट रु. ४२३७१३२।-समेत जम्मा रु. ८२०८९७७।-

भुक्तानी गरेको देखियो । जस अनुसार बिल तथा मूल्याङ्कित रकमभन्दा रु. ३६,१२०।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१२० |

३५.२ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । संलग्न नापी किताब अनुसार सडक एक्साभेशन कार्य १९७७८ घ.मी. भएकोमा सोको ४० प्रतिशत (७९११.२० घ.मी.) हार्ड रक कटिङ्ग रहेको पाइयो । तर खनिएको सडकमा स्टोन सोलिङ्ग तथा मेसनरी वालको कार्य गर्दा रोड वे एक्साभेशन प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत ११८ घ.मी. स्टोन सोलिङ्ग तथा ४२०.८४ घ.मी. मेसनरी वाल समेत ८३७.८० घ.मी. ढुङ्गा सम्बद्ध कार्य भएको देखिन्छ । रोड वे एक्साभेशनबाट प्राप्त हुने कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा ४२०.८४ घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. ७,८१,३१८।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,८१,३१८ |

३६ **जमुना प्रा.वि. ८ बाट छोइताङ्ग-गगलाते-ठिङसाङ सडक स्तरोन्नति (प्रदेश समपूरक आयोजना)** - बागमती प्रदेश सरकार र विगु गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा जमुना प्रा. वि. ८ बाट वडा नं. ७ छोइताङ्ग-गगलाते-ठिङसाङ सडक स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १९४,१७,७८४।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ११३,४८,७५२।- कबोल गर्ने निर्माण व्यवसायी थल्दिङ देवी निर्माण सेवा प्रा.लि.सँग उक्त कार्य २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।१६ मा सम्झौता भई रु. १२९,४९,८०२।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३६.१ भेरिएसन सम्बन्धमा - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रोटेक्शन वाल, ग्रेड मिलान लगायतका कार्य परिमाण बढ्न गएको जनाई रु. १६०१०५०।- अर्थात् १४.१२ प्रतिशत भेरिएशन गरेको पाइयो ।

कार्यालयले उल्लिखित कार्यहरुमा भएको भेरिएशनबाट कुल लागत अनुमान तथा कुल ठेक्का रकममा के कति परिवर्तन भयो, भेरिएशन आदेशमा सो सम्बन्धी केही खुलासा नगरेको साथै संशोधित लागत अनुमान तथा संशोधित ठेक्का रकमको आइटमवाइज भेरिएशन शीट तयार गरेको समेत देखिएन । अतः सार्वजनिक

खरिद ऐन तथा नियमावली अनुसार प्राविधिक पुष्टयाइँ सहित भेरिएशन सम्बन्धी शीट/विवरण तयार गरेर मात्र भेरिएशन आदेश जारी गरिनुपर्दछ ।

३६.२ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । संलग्न नापी किताब अनुसार रक कटिङ्ग सहितको सडक एक्साभेशन कार्य 6225.62 घ.मी. भएको देखिन्छ । तर खनिएको सडकमा स्टोन सोलिङ्ग तथा मेसनरी वालको कार्य गर्दा रोड वे एक्साभेशन प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत २५६.५६ घ.मी. स्टोन सोलिङ्ग तथा १०८०.९२ घ.मी. मेसनरी वाल समेत १३७७.४८ घ.मी. ढुङ्गा सम्बद्ध कार्य भएको देखिन्छ । रोड वे एक्साभेशनबाट प्राप्त हुने कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा १३७७.४८ घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. १९,९७,३४६।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,९७,३४६ |

३७ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । आलम्पु-ढुङ्गाखानी सडक उपभोक्ता समितिलाई रु. १९,२०,०००।- भुक्तानी गरेको देखिन्छ ।संलग्न नापी किताब अनुसार यो सडक एक्साभेशन कार्यमा ब्रेकरको प्रयोग समेत गरी २८२५ घ.मी. हार्ड रक कटिङ्गको कार्य भएको देखिन्छ । तर खनिएको सडकमा स्टोन सोलिङ्ग गर्दा रक कटिङ्गबाट प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत यो वर्ष १५६.१० घनमिटर स्टोन सोलिङ्ग भएको देखिन्छ । रक कटिङ्गबाट प्राप्त ढुङ्गा कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा १५६.१० घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. २२६,३४५।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२६,३४५ |

३८ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कापाराङ्ग-सल्लेरी सडक उपभोक्ता समितिलाई रु. ७,६८,०००।- भुक्तानी गरेको देखिन्छ । संलग्न नापी किताब अनुसार यो सडक एक्साभेशन कार्यमा १३८५.८० घ.मी. सफ्ट तथा मिडियम रक कटिङ्गको कार्य भएको देखिन्छ । तर खनिएको सडकमा स्टोन सोलिङ्ग गर्दा रक कटिङ्गबाट प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत यो वर्ष १०२ घनमिटर स्टोन सोलिङ्ग भएको देखिन्छ । रक कटिङ्गबाट प्राप्त ढुङ्गा कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा

१०२ घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. १४७,९००।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४७,९०० |

३९ **ढुङ्गाको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गगलाते-ठिङसाङ सडक उपभोक्ता समितिलाई रु. ४८,००,०००।- भुक्तानी गरेको देखिन्छ । संलग्न नापी किताब अनुसार यो सडक एक्साभेशन कार्यमा ब्रेकरको प्रयोग समेत गरी ८९९.३९ घ.मी. मिडियम तथा हार्ड रक रक कटिङ्गको कार्य भएको देखिन्छ । तर खनिएको सडकमा स्टोन सोलिङ्ग गर्दा रक कटिङ्गबाट प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत यो वर्ष ३७६.७३ घनमिटर स्टोन सोलिङ्ग भएको देखिन्छ । रक कटिङ्गबाट प्राप्त ढुङ्गा कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने मान्यताका आधारमा २९६.२४ घनमिटर ढुङ्गाको प्रति घ.मी. लागत रु. १४५०।- का दरले रु. ४२९,४५८।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२९,४५८ |

४० **फरक कार्यक्रमबाट भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नलिखित भौचरबाट एक कार्यक्रम/क्रियाकलापको बजेटबाट अर्कै कार्यक्रम/क्रियाकलाप मा खर्च गरेको पाइयो । यसरी स्वीकृत बजेट तथा कार्यक्रम विपरीत खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| **भौ.नं./मिति** | **स्वीकृत कार्यक्रम/क्रियाकलाप** | **खर्च भएको कार्यक्रम/क्रियाकलाप** | **खर्च रकम रु.** |
|---|---|---|---|
| **विगु गापा कृषि तथा पशु (चालु खर्च)** | | | |
| ४०।०८०।३।२० | डाले घाँस तथा भुइँ घाँसको बीउ बेर्ना वितरण, कृषि मेला | सुन्तला बिरुवा खरिद तथा वितरण | २५०००० |
| ४४-०८०।३।२२ | पशुबीमा प्रिमियम ५० प्रतिशत अनुदान | भ्रमण खर्च | ३०६०० |
| ४६-०८०।३।२२ | माटो शिविर, गैससँग सहकार्य | डाले घाँस तथा भुइँ घाँसको बीउ बेर्ना वितरण | १६४५०० |
| ४९-०८०।३।२२ | माटो शिविर, गैससँग सहकार्य, कृषि मेला | लोठ सल्ला तथा अन्य बिरुवा खरिद | ८३००० |
| | | **जम्मा** | **५२८१००** |

| | |
|---|---|
| अनियमित भएको | ५,२८,१०० |

४१ **चालु खर्च संकेतबाट सवारी साधन खरिद** - महालेखा नियन्त्रक कार्यालयबाट संघीय संरचना अनुरूप सरकारका तीनै तहको आर्थिक कारोबार सञ्चालनका लागि स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन २०७६) बमोजिम तोकिएको आर्थिक संकेतमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले यो वर्ष रु. ४ लाखका दरले ८ थान एक्स-पल्स मोटरसाइकल खरिद बापत जनरल मार्किङ्ग प्रा.लि., ज्योति भवनलाई रु. ३२ लाख भुक्तानी गरेको देखियो । तर उक्त खर्चको लेखाङ्कन खर्च संकेत नं. २२२२१ मा गरेको पाइयो । एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार उक्त संकेत नं. बाट मेशिनरी/औजारको मर्मत सम्भार तथा सञ्चालन खर्च मात्र लेखाङ्कन गर्न मिल्ने देखिन्छ । सवारीसाधन खरिदको लागि खर्च संकेत नं. ३११२१ तोकिएकोमा यसरी फरक आर्थिक संकेतमा लेखाङ्कन गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३२,००,००० |

४२ **नाफामूलक संस्थाहरुलाई अनुदान** - बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले गाउँसभाबाट सोझै योजना पारित गरी केही नाफामूलक फर्महरुलाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो । निश्चित मापदण्ड तथा सूचकका आधारमा परियोजना प्रस्ताव माग गरी उपयुक्त संस्था छनोट गरी अनुदान प्रवाह गर्नुपर्नेमा सो प्रकृया बेगरै यस्ता संस्था छनोट गरेको साथै अनुदानको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरी प्रतिवेदन गरेको समेत नदेखिएकोले उक्त अनुदान वितरण नियमसम्मत नदेखिएको रु.

| **भौ.नं./मिति** | **फर्मको नाम** | **प्रयोजन** | **अनुदान रकम रु.** |
|---|---|---|---|
| ७-०८०।२।१ (गापा कृषि तथा पशु) | खोपाचागु एग्रिकल्चरल एण्ड रिसर्च सेण्टर प्रा.लि. | कुखुराका चल्ला, दाना खरिद, खोर निर्माण, घेराबारा आदि । | ८००००० |
| २६८-०८०।२।१ (गापा पुँजीगत) | | | ४२१३१३ |
| २६-७९।१२।२० (गापा कृषि तथा पशु-चालु) | महादेवस्थान कृषि तथा पशुपंक्षी फर्म, विगु-३ | बोका/बाखा खरिद, खोर निर्माण आदि । | १०००००० |
| ९-०८०।२।३ (गापा कृषि तथा पशु-पुँजीगत) | | | ३८८००० |
| ११४-०७९।१०।२६ (गापा पुँजीगत) | विगु बहुउद्देश्यीय कृषि तथा पशुपालन फार्म | बंगुर बोका तथा पाठापाठी खरिद | ४६२५४० |

| | | | |
|---|---|---|---|
| १५७-०७९।१२।१६ (गापा पुँजीगत) | प्रकृति कृषि तथा पशुपंक्षी फार्म | बोका तथा बाख्रा खरिद | ५००००० |
| ३७५-०८०।३।२४ (गापा पुँजीगत) | समावेशी साना किसान कृषि तथा सहकारी संस्था लि. | ल्यापटप, प्रिण्टर, फर्निचर, कार्पेट आदि | ५५६६९८ |
| | | **जम्मा** | **४१२८५५१।-** |

| | |
|---|---|
| अनियमित भएको | ४१,२८,५५१ |

४३ **बढी अनुदान** - गाउँपालिकाबाट स्वीकृत कार्यविधि अनुसार कृषि तथा पशुपंक्षी कार्यक्रममा अधिकतम ७५ प्रतिशत अनुदान प्रदान गरिने उल्लेख छ । खोपाचागु एग्रिकल्चरल एण्ड रिसर्च सेण्टर प्रा.लि.लाई विगु गा. पा. कृषि तथा पशु शीर्षकबाट रु. ८०००००।- र गा.पा. पूँजीगतबाट रु. ४२१३१३।- समेत जम्मा रु. १२२१३१३।- भुक्तानी दिएकोमा निम्न व्यहोरा देखियो । कुखुराका चल्ला, दाना खरिद, खोर निर्माण, घेराबारा लगायतको कार्यमा कुल रु. १६५७०१९।- खर्च भएको बिल भर्पाई पेश भएको छ । उक्त रकमको ७५ प्रतिशतले अधिकतम रु. १२४२७६४।- मात्र अनुदान दिन मिल्ने देखिएकोले बढी भुक्तानी भएको रु. ५७२३६।- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२३६ |

४४ **नन-फाइलरलाई भुक्तानी** - मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस सम्वन्धमा अर्थ मन्त्रालयको चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रले आयकर वा मूल्य अभिवृद्धि करतर्फ विवरण नबुझाएकालाई विवरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ । उपभोक्ता समितिहरु मार्फत् सडक निर्माण कार्य गर्ने देहायका निर्माण व्यवसायीले समयमा विवरण दाखिला नगरी नन-फाइलर देखिएकोमा समेत भुक्तानी भएको देखिन्छ । यसरी निर्माण व्यवसायीले भुक्तानी गरेको मू.अ.करको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालय पेश गरी मू.अ. कर समायोजन गरेको नदेखिएकोले देहायअनुसार भुक्तानी भएको मू.अ. कर रु. ८५८२४७।- समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| **योजनको नाम** | **निर्माण व्यवसायी** | **मू. अ. कर भुक्तानी रु.** | **नन फाइलर अवधि** |
|---|---|---|---|
| चिहानडाँडा-सिरानगाउँ नयाँ ट्र्याक निर्माण | युवराज एण्ड निराज कन्स्ट्रक्शन (PAN-६०४२५९२०४) | ९९१६४ | मू.अ. करतर्फ २०७९।९ देखि नन फाइलर |
| गुजिपा मन्दिर व्यवस्थपन समिति | " " | ११७१३ | " " |
| लादुकभरिका सडक सरसफाइ | " " | ५५६०२ | " " |

| | | | |
|---|---|---|---|
| खहरे — खानीगाउँ सडक | " " | ३५५४५ | " " |
| बुलङ्ग सडक सरसफाइ | " " | २९६९५ | " " |
| ठुलो ढुङ्गा ढाडथापाको धारा सडक | " " | १४१०५ | " " |
| सिंगटी बजार टोल सुधार | " " | १०३३५ | " " |
| खोलिखिम कभर्ड हल | " " | १२१६८ | |
| युवराज एण्ड निराज कन्स्ट्रक्शनको जम्मा मू.अ.कर | | **२६८३२७।-** | |
| बुलुक्पा दुम्सिदिङ्ग ढुंगाखानी सडक | फाइभ पाण्डव कन्स्ट्रक्शन एण्ड सप्लायर्स (PAN-६०९७२११५३) | ९८५२७ | आयकरतर्फ २०७८।७९ देखि र मू.अ. करतर्फ २०८०।३ देखि नन फाइलर |
| ककलिङ्ग-अम्बडोल मूलखोला बसपार्क सडक | " " | ८२९५४ | " " |
| चिलंखा-दोरङ्ग खोला सडक | " " | २५८३७ | " " |
| गगलाते-ठिङसाङ सडक | " " | ३३४६७ | " " |
| पाण्डव कन्स्ट्रक्शन एण्ड सप्लायर्स जम्मा मू.अ.कर | | **२४०७८५।-** | " " |
| आलम्पु ढुंगाखानी सडक | महिमा निर्माण सेवा (PAN-६०४९६८७५५) | १९१६०१ | आयकरतर्फ २०७७।७८ देखि र मू.अ. करतर्फ २०७९।०१ देखि नन फाइलर |
| कुम्पापोले वापाङ्ग सडक | " " | ४९५८५ | " " |
| महिमा निर्माण सेवाको जम्मा मू.अ.कर | | **२४११८६।-** | |
| | यार्सभूमे कन्स्ट्रक्शन प्रा.लि. (PAN-६०६६१७६४८) | ४२२२० | आयकरतर्फ २०७7।७8 देखि र मू.अ. करतर्फ २०७८।१० देखि नन फाइलर |
| | " " | ६५७२९ | " " |
| यार्सभूमे कन्स्ट्रक्शन प्रा.लि.को जम्मा मू.अ.कर | | **१०७९४९।-** | |
| | **कुल जम्मा** | **८५८२४७।-** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५८,२४७ |

४५ **कर कट्टी रकम दाखिला नगरेको –**

**.......... *(प्रारम्भिक प्रतिवेदन उपर गोमा कुमारी आलेबाट रु. ८७१२ असूल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.८,७१२ सम्परीक्षण गरिएको ।)***

४६ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम रु. १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट, नियम ८४ बमोजिम रु. २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ बमोजिम सोभन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कृषि तथा भेटेरिनरीजन्य मालसामान पटक पटक गरी सोझै खरिद गर्ने गरेको पाइयो । कार्यलयलाई वर्षभरि आवश्यक पर्ने त्यस्ता मालसामानको परिमाण निर्धारण गरी प्याकेज बनाएर प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएको साथै आर्थिक वर्षभरिमा एउटा फर्मबाट एक पटक मात्र खरिद गर्न सकिनेमा एक पटकभन्दा बढी समेत गरेको पाइयो । अतः यससम्बन्धमा सुधार गरी खरिद कारोबार गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम गर्नुपर्दछ । उस्तै प्रकारका मालसामान प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट गर्नुपर्नेमा विभिन्न मितिमा तथा एउटा फर्मबाट एक पटक भन्दा बढी समेत सोझै खरिद गरेको नियमसम्मत देखिएन । यसका केही उदाहरण देहायबमोजिम छन्-

| **भौ.नं./मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| **विगु गापा कृषि तथा पशु (चालु खर्च)** | | | |
| ६-०७९।९।०५ | कृषि तथा भेटेरिनरीजन्य औषधि/उपकरण | शुभ भेट फर्मा, रौतहट | ५४६७६६ |
| १३-०७९।९।२८ | " " | कार्की एग्रो सीड सेण्टर | २९९४६० |
| १६-०७९।९।२९ | " " | नेपाल बीउ बिजन ट्रेडर्स | २९९२५० |
| १९-०७९।११।२ | " " | राजेन्द्र भेट फर्मा, रौतहट | ३३४९७७ |
| २०-०७९।११।२ | | ग्रेसी सर्जिकल तथा इलेक्ट्रोनिक्स | ४९९९९८ |
| २३, २५/११-२८ | " " | एस एस एग्रो भेट सेण्टर | १००८०० |
| २८-०७९।१२।२२ | " " | राजेन्द्र भेट फर्मा, रौतहट | ३४९९९८ |
| **जम्मा** | | | **२४३१२४९** |

४७ **डण्डीको दोहोरो जर्ती** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सिंगटी खोला नदी नियन्त्रण उपभोक्ता समितिलाई रु. २२,९७,८५६।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो । आर सी सी सम्बद्ध कार्यको दर विश्लेषण गर्दा नर्म्स अनुसार डण्डीको जर्ती ५ प्रतिशत राखिसकेकोमा नापी किताबमा डण्डीको परिमाण गणना गर्दा कुल परिमाणमा पुनः 5% Extra for Cutting and Wastage भनी ५ प्रतिशत थप जर्ती समावेश गरेको पाइयो । संलग्न नापी किताब अनुसार डण्डीको परिमाण ३३६४.७६ के.जी. भएकोमा सोको ५ प्रतिशतले १६८.२४ के.जी. थप जर्तीको प्रति के.जी. रु. १४९।७६ का दरले रु. २५,१९५।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,१९५ |

४८ **बढी भुक्तानी** - बागमती प्रदेश सरकारबाट जारी भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ अनुसार कुनै परियोजनाको कुल लगानीमध्ये प्रदेश सरकार अनुदान ६३.४० प्रतिशत र स्व लगानी ३६.६० हुने व्यवस्था छ । परियोजना अन्तर्गत निम्नलिखित कार्यमा कुल रु. १३११०४९। खर्च भएको देखिन्छ । कार्यविधि बमोजिम सोको ६३.४० प्रतिशतले हुने रु. ८३१२०५।- मात्र अनुदान प्रदान गर्न सकिनेमा कार्यालयले जीविकोपार्जन भेडापलान कृषक समूहलाई रु. ९,४०,०००।- भुक्तानी गरेको गरेको पाइयो । यस आधारमा उक्त समूहलाई रु. १०८,७९५।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| **विवरण** | **संख्या** | **खर्च रकम रु.** |
|---|---|---|
| बरुवाल थुमा | २ | १२०००० |
| भेडाको ऊन काल्ने मेशिन | ५ | ८०००० |
| खोर निर्माण | | ३४७५८५ |
| चरण क्षेत्र विकास | | २८२५० |
| ढुवानी खर्च, तालिम, बीमा आदि | | ७३५२१४ |
| **जम्मा** | | **१३११०४९।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,७९५ |

४९ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छोइताङ्ग छ्योलिङ्ग गुम्बा निर्माण उपभोक्ता समितिलाई रु. १४,२४,०००।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो ।

संलग्न नापी किताब अनुसार भवनको जगको पिलर (हात्तीपाइले) मा १२ एम. एम. डायामिटर १.५ मी. लम्बाइका १७६ वटा डण्डी राखेको देखिन्छ । १२ एम. एम. साइजको डण्डीको तौल प्रति मीटर ०.८९ के.जी. हुने आधारमा डण्डीको जम्मा तौल २३५ के.जी. हुने देखिन्छ । तर डण्डीको परिमाण गर्दा डण्डीको डायामिटर (१२) ले समेत गुणा गरी वास्तविक तौलभन्दा १२ गुणा बढी तौल गणना भई नापी किताब तथा ठेक्का बिलमा २८१९.५२ के.जी. समावेश भएको देखियो । सो अनुसार २५८४.५२ के.जी. बढी परिमाणको प्रति के.जी. रु. १४४।७५ का दरले रु. ३७४१०९।- बढी मूल्याङ्कन भएको देखिन्छ । यस योजनामा १५.२० प्रतिशत जनश्रमदान रहेको देखिएकोले सो बापतको रकम कट्टा गर्दा हुने रु. ३१७,२४७।- बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,१७,२४७ |
|---|---|

५० **बढी दरबाट भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम स्वीकृत दररेटबाट भुक्तानी गर्नुपर्दछ । कार्यालयले वडाध्यक्षसँग कृषक कार्यक्रम अन्तर्गत भालेढुंगा साना किसान सहकारी संस्था लि., विगु-५ बाट ९ थान जर्सीगाई खरिदको ५० प्रतिशत अनुदान बापत वडाध्यक्षसँग कृषक गाईपालन पकेट क्षेत्र निर्माण समूहलाई रु. ४,७५,०००।- भुक्तानी गरेकोमा निम्नानुसार स्वीकृत जिल्ला दररेटभन्दा बढी दरबाट भुक्तानी गरेको देखियो । सो अनुसार कुल रु. १८००००।- बढी मूल्याङ्कन भई सोको ५० प्रतिशतले हुने रु. ९०,०००।- बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु

| **विवरण** | **संख्या** | **स्वीकृत जिल्ला दर** | **खरिद दर** | **बढी दर** | **बढी रकम** |
|---|---|---|---|---|---|
| जर्सी गाई | ९ | ८०००० | १००००० | २०००० | १८०००० |
| | | | ५० प्रतिशत अनुदान | | **९००००** |

| असुल गर्नुपर्ने | ९०,००० |
|---|---|

५१ **बढी दरबाट भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम स्वीकृत दररेटबाट भुक्तानी गर्नुपर्दछ ।कार्यालयले विगु बहुउद्देश्यीय कृषि फर्मलाई बंगुर खरिदको ५० प्रतिशत अनुदान बापत रु. ४,६२,५४०।- भुक्तानी गरेकोमा निम्नानुसार स्वीकृत जिल्ला दररेटभन्दा बढी दरबाट भुक्तानी गरेको देखियो । सो अनुसार कुल रु. २९५०००।- बढी मूल्याङ्कन भई सोको ५० प्रतिशतले हुने रु. १४७,५००।- बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु.

| **विवरण** | **संख्या** | **स्वीकृत जिल्ला दर** | **खरिद दर** | **बढी दर** | **बढी रकम** |
|---|---|---|---|---|---|
| बंगुर बोका | २ | ३०००० | ६००००० | ३०००० | ६०००० |
| बंगुर पाठापाठी | २५ | ५००० | ६००० | १००० | २५००० |
| बंगुर पोथी | ३ | ३०००० | १००००० | ७०००० | २१०००० |
| | | | | **जम्मा रु.** | **२९५०००** |
| | | | ५० प्रतिशत अनुदान | | **१४७५००** |

| असुल गर्नुपर्ने | १,४७,५०० |
|---|---|

५२ **बढी दरबाट भुक्तानी** - सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ निर्माण कार्यको स्वीकृत दरको आधारमा गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाद्वार स्वीकृत दररेट अनुसार बोल्डर मिसिएको माटोमा मेशिनद्वारा पहिरो पन्छाउने कार्यको प्रतिघण्टा दर रु. ५३००।- रहेको देखिन्छ । तर कार्यालयले वडा नं. १ भरिका सडक सरसफाइ (पहिरो पन्छाउने) कार्यको भुक्तानी गर्दा रु.६५००।-(ब्रेकर प्रयोगको दर) का दरले भुक्तानी गरेको पाइयो । संलग्न प्रमाण कागजातका आधारमा उक्त कार्यमा ब्रेकर प्रयोग भएको समेत नदेखिएकोले ६२ घण्टाको प्रति घण्टा रु. १२००।- का दरले बढी भुक्तानी भएको रु. ७४४००।- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,४०० |

५३ **घटी लम्बाइमा कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएकोभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य, स्टोन सोलिङ्ग तथा ग्राभेल कार्य समेत भएको पाइयो । यसरी लम्बाइ घटेको अवस्थामा पनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको परिमाण बढाउने गरेको देखियो । जसको कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा रोड वे कटिङ वा स्टोन सोलिङ्गको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित योजनामा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु.

| **सडक योजनाको नाम** | **लागत अनुमान।सम्झौता अनुसार** | | **नापी किताब अनुसार** | | **काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.)** | **लं. को अनुपातमा बढी परिमाण(घ.मी.)** | **औसत दर रु.** | **थप व्ययभार रु.** |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल लं. (मी)** | **परिमाण (घ.मी.)** | **कुल लं. (मी)** | **परिमाण (घ.मी.)** | | | | |
| खानीडाँडा-डाक्सिङ्ग सडक | १५०० | ७६५० | ९०० | ६५०४ | ४५९० | १९१४ | १३५।६ | २५९५३८ |
| आलम्पु-ढुङ्गाखानी सडक | ८४० | ९२६४ | ७५० | ९३१३ | ८२९८ | १०१५ | १९७।७५ | २००७१६ |
| दुलुक्पा-दुम्सिदिङ्ग- | ७२० | ३१७८ | ४८० | ३८२० | २११९ | १०५९ | ११८।६५ | १२५६५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ढुङ्गाखानी सडक | | | | | | | | |
| गोंगर-स्यालु सडक | ८१० | ४०२९ | ५५५ | ३९२५ | २७६१ | ११६४ | १३५।६ | १५७८३८ |
| कापाराङ्ग-सल्लेरी नयाँ ट्र्याक | १००० | ३०७६ | ६२० | ३१९३ | १९०७ | १२८६ | १९७।७५ | २५४०६५ |
| दुलुक्पा-दुम्सिदिङ्ग-ढुङ्गाखानी सडक (स्टोन सोलिङ्ग) | ७०० | ३१५ | ६०२ | ३८३ | २७३ | ११२ | २९२८।०३ | ३२७९३९ |
| चिसापानी-ओराङ्गडाँडा (स्टोन सोलिङ्ग) | ५०१ | ३५६ | ४८८ | ३६९ | ३४७ | २२ | २९२८।०३ | ६४४१७ |
| थामीचागु-बोगलथली गोरेटोबाटो (स्टोन सोलिङ्ग) | १४५ | ३५.५० | १२०.३५ | ३९.१० | २९.४७ | ९.६४ | २५४५ | २४५३४ |
| चिलंखा-दोरुङखोला सडक (स्टोन सोलिङ्ग) | ३४० | २३८ | १९० | २२२ | १३३ | ८९ | २७८२।५० | २४७६४३ |
| | | | | | | | **जम्मा** | **१६६२३४०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,६२,३४० |

५४ **उपभोक्ता समिति परिचालन सम्बन्धमा** - गाउँपालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

**(क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य

गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुसार कार्यालयबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।

**(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ ।

यस गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, आर.सि.सी. पुल, झोलुङ्गे पुल, ट्रस बृज, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

५५ **मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम

(१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था छ । साथै गाउँ कार्यपालिकाले समेत स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा तथा व्यवस्थापन कार्यविधि, २०७४ तर्जुमा गरेको देखिन्छ । उक्त कार्यविधिको बुँदा नं १६ मा मा सम्पन्न आयोजना हस्तान्तरण तथा मर्मत सम्भारका लागि मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा सोको लागि कोषको व्यवस्था गरेको पाइएन । साथै गाउँपालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएनकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

५६ **उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । साथै गाउँ कार्यपालिकाले समेत स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा तथा व्यवस्थापन कार्यविधि, २०७४ को दफा १२ मा समेत उपभोक्ता समितिहरुबाट हुने कार्यको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने,गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

५७ **उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले ग्याबियन तारजाली सम्वद्ध कार्यको लागत अनुमान तयार गर्दा मेशिनबाट तयार गरिएका हेभी जिङ्क कोटेडको दर (प्रति घ.मी. ३००३-।) बाट गरेको पाइयो । तर उपभोक्ता समितिहरुबाट पेश भएका तार जाली खरिदका बिलमा ग्याबियन तारजालीको गुणस्तर (हेभी वा मिडियम कोटेड) नखुलेको साथै प्रयोगशाला परीक्षण समेत हुने गरेको पाइएन । अतः खरिदको बिलमा हेभी वा मिडियम कोटेड खुलाउन लगाउनुपर्ने साथै अनिवार्य रुपमा गुणस्तर परीक्षण गर्ने व्यवस्था हुनुपर्दछ । ग्याबियन तारजाली खरिदको बिलमा हेभी वा मिडियम कोटेड नखुलाएको तथा गुणस्तर परीक्षण नभएका केही उदाहरण देहायअनुसार छन्-

| **योजनाको नाम** | **कुल भुक्तानी रु.** | **ग्याबियन वर्क्सको रकम** |
|---|---|---|
| क्यार्थाल सडक स्तरोन्नति उ. स. | ९६०००० | ८०६८०५ |
| पेगुखोला-दार्खा सडक स्तरोन्नति उ. स. | ९६०००० | ९१७४६० |
| तिते गुड-मगर गाउँ-सिडी सडक स्तरोन्नति उ. स. | ९६०००० | ८९६०९० |
| अमाडोल ग्याबियन जाली - ७ उ. स. | ४८०००० | ४३२४७१ |

| | | |
|---|---|---|
| जगत ठाडी ग्रामीण सडक उ. स. | १४४०००० | १०२३३०८ |
| ठुलो ढुंगा-धारा बुलंगको मुख्य सडक उ. स. | ८००००० | ७०२३४७ |
| **जम्मा** | | **४७७८४८१** |

५८ **पाइपको गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति तथा वडा कार्यलयहरु मार्फत् विभिन्न खानेपानी योजनाका लागि खरिद तथा जडान गर्ने एच्.डी.पी.ई. पाइपको गुणस्तर परीक्षण गराउने गरेको देखिएन । अतः आपूर्ति गरिएका एच्.डी.पी.ई. पाइप तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भएको आश्वस्तताको लागि गुणस्तर परीक्षण गर्ने, गराउने व्यवस्था हुनुपर्दछ । एच्.डी.पी.ई. पाइप उपभोक्ता समिति मार्फत् खरिद भई गुणस्तर परीक्षण नभएका केही उदाहरण देहाय अनुसार छन् ।

| **खानेपानी योजनाको नाम** | **एच्.डी.पी.ई. पाइपको परिमाण (विभिन्न साइज)** | **पाइपको मूल्य रु.** |
|---|---|---|
| घुडुपु चिहान खानेपानी योजना | ९०० मीटर | ३६६९७ |
| घुडुपु खानेपानी योजना सिरानटोल | १७५० मीटर | ११३८५८ |
| चिसापानी देवीथान मन्दिर | ९०० मीटर | ४९७५६३ |
| कुलकोटे मौरे पिउनधारा खानेपानी योजना | १९५४ मीटर | १२४४८६ |
| चित्रे खानेपानी योजना | १५०० मीटर | १४०८१६ |
| **जम्मा** | | **९१३४२०** |

५९ **चेनेज तथा लोकेशन** - सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक ढलान (रिजिड पेभमेण्ट), स्टोन सोलिङ्ग, नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

६० **कार्यालयको भवन तथा अन्य काम उपभोक्ता समितिबाट** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने आफ्नै भवनहरु निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत् गराई देहायअनुसार भुक्तानी गरेको पाइयो । उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नै नमिल्ने र बोलपत्र आह्वान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी उपभोक्ता समिति मार्फत् गराएको कार्यालय भवन निर्माण कार्य नियमसम्मत् नदेखिएको रु.

| भौ नं. | योजनाको नाम/कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| २१-०७९।९।५ | वडा नं. ४ कार्यालय भवन निर्माण उ.स. | ३३६००० |
| ५४-०७९।९।२८ | वडा नं. ६ कार्यालय भवन निर्माण उ.स. | ६००००० |
| **जम्मा** | | **९३६०००** |

| | |
|---|---|
| अनियमित भएको | ९,३६,००० |

६१ **वडाका कर्मचारी मार्फत् कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा सार्वजनिक खरिद तथा निर्माण सम्बन्धी कार्य प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका कार्यालयले विभिन्न वडामा हुने खरिद, निर्माण तथा अन्य कतिपय कार्य समेत सम्बन्धित वडा सचिव मार्फत् गराई निजहरुलाई नै भुक्तानी दिने गरेको पाइयो । सार्वजनिक खरिदसम्बन्धी कार्य कर्मचारी मार्फत् गराउँदा सार्वजनिक खरिदमा पारदर्शिता तथा प्रतिस्पर्धामा संकुचन आउने देखिएकोले यस्तो कार्य नियन्त्रण गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्ने देखिन्छ । यसरी सार्वजनिक खरिदसम्बन्धी कार्य कर्मचारी मार्फत् गराई गरेको देहायअनुसार भुक्तानी खर्च रु.३५,७५,७४९।- नियमसम्मत नदेखिएको रु.

| भौ.नं. (गा.पा. पूँजीगत) | कार्य विवरण | भुक्तानी प्राप्त गर्ने कर्मचारीको नाम | रकम रु. |
|---|---|---|---|
| १०६-०७९।१०।२६ | स्याखु बस्ती ढल निर्माण | का. सहायक श्री रामकुमार तामाङ्ग | ५००००० |
| १८२-०७९/१२/१७ | बोयर बोका खरिद | वडा सचिव श्री दिव्यश्वरी श्रेष्ठ | ४००००० |
| ५४०-०७९/१२/१७ (चालु) | खरी जातका बाखा खरिद | वडा सचिव श्री दिव्यश्वरी श्रेष्ठ | २३०००० |
| २२४-०७९/१२/२३ | पाइप/फिटिङ्स खरिद | वडा सचिव श्री लिलाबहादुर थामी | ६००००० |
| २६४-०७९/१२/२३ | आलु बीउ खरिद/वितरण | वडा सचिव श्री कृष्णकुमारी थामी | २००००० |
| ३४३-०८०।३।२३ | क्याङक्यार्थल पर्यटन पैदल मार्ग | वडा सचिव श्री कृष्णकुमारी थामी | ३००००० |
| ३४९-०८०।३।२३ | ट्र्याक्टर मर्मत, मौरीपालन तालिम | वडा सचिव श्री हरिलाल आचार्य | १५०००० |
| ३५०-०८०।३।२३ | प्लाष्टिक टनेल/मौरीघार | वडा सचिव श्री कल्याण कार्की | १९५७४९ |
| ३६८-०८०।३।२४ | कृषि तथा पशुपालन कार्यक्रम | वडा सचिव श्री लिलाबहादुर थामी | १०००००० |
| **जम्मा** | | | **३५७५७४९** |

| | |
|---|---|
| अनियमित भएको | ३५,७५,७४९ |

६२ **भर्पाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रीत पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले बुलुक्पा सेतीदेवी चौंरीपालन कृषक समूहलाई याक तथा सोलार सेट खरिद समेतको ५० प्रतिशत अनुदान बापत रु. १५ लाख भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियो ।

उक्त कृषक समूहले विभिन्न ५ कृषकबाट रु. ८० हजारका दरले १० वटा याक रु. ८ लाखमा खरिद गरेको देखिन्छ । उक्त याकहरुको बीमा प्रिमियर इन्सुरेन्स कम्पनीबाट भएकोमा बीमालेख अनुसार ३ वटाको रु. ४० हजारका दरले, ४ वटाको ५० हजारका दरले र बाँकी ४ वटाको ७० हजारका दरले मूल्याङ्कन भएको पाइयो । यसरी बीमाले उक्त ८ याकको मूल्याङ्कन रु. ६ लाख मात्र गरेको पाइयो । कृषक समूहले बीमाबाट भएको मूल्याङ्कन दरभन्दा बढी दरमा खरिद गरेको पाइयो । साथै बीमालेख अनुसार सबै याकको बीमा समूहका अध्यक्ष्य डिमतेञ्जो शेर्पाको नामबाट भएको पाइएकोले उक्त याकको स्वामित्त्व निजसँगै रहेको देखियो ।अतः १० वटा याकमध्ये ९ वटा याक (रु. ७२००००/२=३६००००।-) समूहका अन्य सदस्यहरुलाई बुझाएको भर्पाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६०,००० |

६३ **दायित्त्व सिर्जना बेगर गत वर्षको रकम भुक्तानी** - वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी म.ले.प.बाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आ.व. समाप्त भएको ७ दिनभित्र को.ले.नि.का. र म.ले.प.को कार्यालयमा समेत पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले निम्नलिखित २ फर्मलाई गत वर्षको रकम भुक्तानी गरेकोमा स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराएको देखिएन । यसरी दायित्त्व सिर्जना बेगर गत वर्षको कार्यको लागि गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| **भौ नं.** | **योजनाको नाम** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १२, ४३-०७९।९।१८ | लादुक-ढाक्रेबोट सडक स्तरोन्नति | सिंगटी इञ्जिनियरिङ्ग प्रा.लि. | ९८२४१६ |
| ४४-०७९।९।२० | खोलाखर्क खानेपानी योजना | छितामाई कन्स्ट्रक्शन | २७१०१७ |
| **जम्मा** | | | **१२५३४३३** |

| | |
|---|---|
| अनियमित भएको | १२,५३,४३३ |

६४ **पाइप/फिटिङ्स खरिद तथा जडान** - खरिद गरी जिन्सी मौज्दातबाट लगत कट्टा भएका एच्. डी. पी. ई. पाइप तथा फिटिङ्स सम्बन्धित खानेपानी योजनाहरुमा जडान भएको हुनुपर्दछ । कार्यालयले यो वर्ष निम्नलिखित ३ प्याकेजमा २ आपूर्तिकर्ताबाट देहायअनुसार रु.२०६,८३,९३८।- मूल्यका एच्. डी. पी. ई. पाइप/फिटिङ्स बोलपत्र मार्फत् खरिद गरेको पाइयो । उक्त पाइपहरु सम्बन्धित वडाका वडाध्यक्षलाई हस्तान्तरण गरी जिन्सी मौज्दातबाट खर्च जनाइसकेकोमा सम्बन्धित खानेपानी योजनाहरुमा जडान भएको

देखिएन । अतः जिन्सी मौज्दातबाट लगत कट्टा गरिएका एच्.डी.पी.ई. पाइप/फिटिङ्स यथाशीघ्र सम्बन्धित खानेपानी योजनाहरुमा जडान हुनुपर्दछ ।

| **भौ.नं./मिति** | **योजनाको नाम** | **आपूर्तिकर्ताको नाम** | **भुक्तानी रु.** |
|---|---|---|---|
| २९-०८०।३।२२ (संघ सशर्त) | खोलाखर्क थामीचागु खानेपानी योजना, वडा नं. ८ | स्वस्तिका सप्लायर्स, चितवन | ८३७४४५८ |
| २९-०८०।३।१९ (प्रदेश सशर्त) | आलम्पु खानेपानी योजना, वडा नं. ६ | स्वस्तिका सप्लायर्स, चितवन | ५७६७३६६ |
| ३१-०८०।३।१९ (प्रदेश सशर्त) | वडा नं. ७ को मुहानबाट वडा नं. ८ थामिचागु | आधुनिक कन्स्ट्रक्शन प्रा. लि. | ६५४२११४ |
| **जम्मा** | | | **२०६८३९३८।-** |

६५ **इण्टरनेट पूर्वाधार विकास** - ग्रामीण दूरसञ्चार कोषबाट व्यहोर्ने गरी इण्टरनेट पूर्वाधार अन्तर्गत **५९** थान स्टील पोल, तार तथा अन्य पूर्वाधार जडान बापत सन स्टार मल्टिपर्पोज एण्ड कन्स्ट्रक्शनलाई रु. १२१४१५१।- भुक्तानी गरेको पाइयो । इण्टरनेट पूर्वाधार सम्बन्धी कार्य नेपाल दूरसञ्चार प्राधिकरण वा अन्य यस्तै व्यावसायिक निकायबाट गराउन उपयुक्त हुनेमा गाउँपालिका आफैं संलग्न भएको उचित देखिएन । साथै दूरसञ्चार प्राधिकरण अन्तर्गत रहेको ग्रामीण दूरसञ्चार कोषबाट खर्च व्यहोर्ने उल्लेख भएकोमा उक्त कोषबाट रकम प्राप्त नभई सबै रकम गाउँपालिका स्रोतबाट व्यहोरेको पाइयो । अतः उक्त कार्यमा खर्च भएको रकम ग्रामीण दूरसञ्चार कोषबाट सोधभर्ना प्राप्त गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,१४,१५१ |

६६ **परामर्श सेवा खरिद** - गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु. ९९५५३० भुक्तानी गरेको देखियो । सोसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।(यस सम्बन्धी विवरण **अनुसूची - ५** मा छ ।)

उल्लिखित विवरण अनुसार गाउँपालिकाले यस वर्ष सोझै विधिबाट एउटा परामर्श सेवा खरिदका लागि जम्मा रु.१०००००० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु ९९५५३० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.४७ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । गाउँपालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो

क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ।

६८ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति** - आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिका भित्रका ३७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था देहाए बमोजिम रहेको छ ।यस सम्बन्धी विवरण **अनुसूची - ६** मा रहेको छ ।

६९ **शिक्षक विद्यार्थी अनुपात** - संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ । यस सम्बन्धी विवरण **अनुसूची - ७** मा संलग्न छ ।

७० **प्रति विद्यार्थी लागत** - गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत रु.** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट (शिक्षक तलब/भत्ता सहित) | १४३९१६००० | १२४५३२५२४ | ४२३५ | १९४०५.६ |
| **जम्मा** | | | | **१९४०५.६** |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. १९४०५।६० रहेको छ ।

७१ **अनुदानको उपयोग सम्बन्धमा अनुगमन** - विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८०, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन। कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

७२ **विद्यालयको नियमन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र गाउँपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो मातहतका सामुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको

२०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैंक खाता मार्फत् भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । ऐनमा भएको व्यवस्था बमोजिम नियमित रुपमा अनुगमन तथा नियमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

७३ **विद्यालयगत निकासा अभिलेख** - अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

७४ **बढी निकासा** - विद्यालयले पारित तलवी प्रतिवेदनका आधारमा माग गरेको माग फारमलाई रुजु गरी गाउँपालिकाले तलव निकाशा गर्नुपर्दछ । देहायबमोजिमका शिक्षकको पारित तलवी प्रतिवेदन तथा सेवामा बहाल रहेको अवधिको यकिन गरी निकाशा गर्नुपर्नेमा सो अनुसार नगरी बढी निकाशा गएकाले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **सि.नं.** | **शिक्षक** | **विद्यालय** | **बढी निकाशा** | **कैफियत** |
|---|---|---|---|---|
| १. | शर्मिला खड्का | देउलाङखानी प्रा.वि विगु | १३१६४ | पहिलो र दोस्रो त्रैमासिकमा १८ ग्रेड रकम बढी गएको |
| २ | रमेश श्रेष्ठ | हिमालय मा.वि विगु ८ | ५५३१५ | चौथो त्रैमासिकमा पुरै निकासा (सरुवा मिति २०८०।२।१६) |
| ३ | सने तामाङ | जनता आ.वि | २१८६८ | चौथो त्रैमासिकमा १७ दिनको बढी निकासा |
| **जम्मा** | | | ९०३४७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,३४७ |

७५ **शैक्षिक प्रतिवेदन** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय

र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

७६ **शैक्षिक गुणस्तर** - गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २५५ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | प्राप्त जी.पी.ए. | जम्मा परीक्षार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ० | ० | ० | ० | ० |
| २ | ३.२१ - ३.६० | ३ | ० | ३ | ० | १.०१ |
| ३ | २.२५ - ३.२० | १७३ | ० | १७३ | ० | ५८.४४ |
| ४ | २.२५ भन्दा कम | ११० | ० | ११० | ० | ३७.०६ |
| | **जम्मा** | **२८६** | ० | **२८६** | ० | |

उल्लेखित तालिका अनुसार, ३.२१ - ३.६० जिपिए ल्याउने ३ विद्यार्थी मध्ये ३ जना मात्र उत्तीर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

७७ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । गाउँपालिकाले अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

७८ **लाइब्रेरी तथा ICT ल्याब स्थापनाको प्रमाण** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ अनुसार भुक्तानी गर्दा खर्च प्रमाणित हुने कागजात जाँच गरेर मात्र भुक्तानी दिने व्यवस्था छ । गाउँपालिकाले विगु गाउँपालिका चालु शीर्षकबाट विगु पोलिटेक्निक इन्स्टिच्यूटलाई CTEVT मापदण्ड अनुसारको लाइबेरी निर्माण र ICT सामग्री खरिदको लागि जम्मा रु. २८००००० अनुदान दिएको देखियो । उक्त अनुदान रकम तोकिएको प्रयोजनमा खर्च भएको पुष्टि हुने प्रमाण कागजात तथा कार्य सम्पन्न प्रतिवेदन समेत पेश नभएकोले उल्लिखित प्रमाण कागजात पेश हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | संस्थाको नाम | प्रयोजन | निकासा रकम |
|---|---|---|---|
| ७५०।०८०।२।२८ | विगु पोलिटेक्निक इन्स्टिच्यूट | CTEVT मापदण्ड अनुसारको ल्याब लाइबेरी निर्माण | २०००००० |
| ८२४।०८०।३।२७ | | ICT सामाग्री खरिद | ८००००० |
| **जम्मा** | | | **२८०००००** |

| प्रमाण पेश नगरेको | २८,००,००० |
|---|---|

७९ **निशुल्क पाठ्यपुस्तक वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिंदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या यकिन गरी रकम अनुदान दिनुपर्दछ । यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत र २०८० बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था निर्देशिकामा रहेको छ । गाउँपालिकाले कक्षा १ देखि १२ सम्मका ३७ विद्यालयलाई निशुल्क पाठ्यपुस्तक बापत IEMIS तथ्याङ्कको आधारमा पहिलो पटकको ७५ प्रतिशत रकम रु. १८८८४७८ र बाँकी अपुग रकम विल भरपाईको आधारमा रु.२७७७३४ गरी जम्मा रु २१६६२१२ निकासा गरेको छ । अपुग रकम निकासा गर्दा वितरणको भरपाईको आधारमा निकासा गर्नुपर्नेमा निम्न विद्यालयहरुलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई बेगर अपुग रकम निकासा दिएको देखिएकोले पुस्तक वितरणको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| क सं | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जन प्रावि विगु ६ | ११९८५ | वितरणको भर्पाई नभएको |
| २ | गोगनेश्वरी प्रावि विगु १ | २०८३८ | |
| **जम्मा** | | **३२८२३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,८२३ |

८० **विद्यार्थी संख्या भन्दा बढी पुस्तक खरिद** - गाउँपालिकाले संघीय सरकारबाट हस्तान्तरित चालु बजेट अन्तर्गत कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा विपदमा सिकाइ निरन्तरताका लागि कार्यक्रममा विनियोजिन भएको बजेट रु ४०००००।- मा गौरीशंकर प्रेस लिंक, दोलखा प्रा.लि. बाट प्रारम्भिक बाल विकासमा अध्ययनरत विद्यार्थीहरुका लागी रु ३३३।- ( मू.अ. कर सहित) का दरले १२०० वटा All in one पुस्तक खरिद गरी ८६४ वटा वितरण गरेको भर्पाई पेश गरेको देखियो । IEMIS को तथ्याङ्क अनुसार गाउँपालिका अन्तर्गत रहेका प्रारम्भिक बाल विकास कक्षामा अध्ययनरत विद्यार्थीको संख्या जम्मा ५७७ जना देखिएको छ । अतः विद्यार्थी संख्या भन्दा ६२३ बढी पुस्तक खरिद गरी मौज्दातमा राखु उचित देखिएन । विद्यार्थी संख्या भन्दा बढी पुस्तक खरिद गरी मौज्दात राखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०७,४५९ |

८१ **दिवा खाजा सम्बन्धमा** - वित्तीय हस्तान्तरण मार्फत शशर्त अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०७९।८० को शिक्षातर्फको शसर्त कार्यक्रम कार्यान्वयन पुस्तिकामा गाउँपालिकाले दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने,

स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुले IEMIS तथ्यांक अनुसारकै शत प्रतिशत विद्यार्थीको हाजीरी विवरण पेश गरेकोमा गाउँपालिकाले सो तथ्यांकको सत्यापन नगरी यो वर्ष ३७ विद्यालयहरुलाई दिवाखाजा बापत रु ७८,४५,९०३ निकासा गरेको पाइयो । अतः IEMIS तथ्यांक तथा यथार्थ विद्यार्थी संख्याको सत्यापन गराएर मात्र यस्तो रकम निकासा गर्ने व्यवस्था हुनुपर्दछ ।

८२ **विद्यालय सुधार (SIP) योजाना** - स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय हरु मध्ये आधारभूत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु. १५ हजार, माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय रु. २० हजार दरले विद्यालय सुधार योजना सञ्चालन कार्यको लागि एकमुष्ट अनुदान निकासा दिने र यस प्रकारको अनुदान पाउने विद्यालयले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०७९।८० को कृयाकलाप नम्बर २.७.१३.१० मा उल्लेख छ । यस वर्ष गाउँपालिकाले विलय सुधार योजना कार्यको लागि ३७ विद्यालयलाई रु.६१००००। अनुदान उपलब्ध गराएकोमा केही विद्यालयले विद्यालय सुधार योजना अद्यावधिक गरेको विवरण यस गाउँपालिकामा पेश गरेका छैनन् । विद्यालय सुधार योजना अद्यावधिक गरेको विवरण पेश नगर्ने विद्यालयलाई यस प्रकारको अनुदान दिन मिल्ने देखिँदैन । अतः यस प्रकारको अनुदान निकासा पाएका तपसिलका ३३ विद्यालयले आ. व. ०७९।८० मा विद्यायल सुधार योजना अद्यावधिक गरेको विवरण तथा प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट उक्त अनुदान फिर्ता प्राप्त गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

| **क्र.सं** | **विद्यायको नाम** | **विद्यालय सुधार योजना रकम रु** |
|---|---|---|
| १. | थम्पु मा. वि. विगु ६ | २०००० |
| २. | मानेडाँडा प्रावि विगु ६ | १५००० |
| ३. | सरस्वति प्रावि विगु ७ | १५००० |
| ४. | देउढुँगा प्रावि विगु ७ | १५००० |
| ५. | गौरीशंकर मा. वि. विग ७ | २०००० |
| ६. | टाशीछिमे गाछल गुम्बा प्रावि विगर ७ | १५००० |
| ७. | कालिदेवि प्रावि विगु ३ | १५००० |
| ८. | भिरमुनि प्रावि विगु ३ | १५००० |
| ९. | शारदा मा. वि. विगु ३ | २०००० |
| १०. | बुलुङखानी प्रावि विगु ३ | १५००० |
| ११. | हिमालीदेवी प्रावि विगु ५ | १५००० |
| १२. | हिमालय मा. वि. विगु ५ | २०००० |

| | | |
|---|---|---|
| १३. | देविटार मा. वि. विगु ५ | २०००० |
| १४. | सरस्वती प्रावि विगु ५ | १५००० |
| १५. | कैलेश्वरी प्रावि विगु ५ | १५००० |
| १६. | जनताप्रावि विगु ५ | १५००० |
| १७. | हिमखण्डे भुवनेश्वरी आ. वि. विगु ५ | १५००० |
| १८. | चिर्कुनथान नमुना प्रावि विगु ५ | १५००० |
| १९. | सेतीदेवि प्रावि विगु ५ | १५००० |
| २०. | जमुना प्रावि विगु ८ | १५००० |
| २१. | कालिन्चोक मा. वि. विगु ८ | २०००० |
| २२. | हिमालय मा. वि. विगु ८ | २०००० |
| २३. | चित्रे मा. वि. विगु ४ | २०००० |
| २४. | लिङवा प्रावि विगु ४ | १५००० |
| २५. | शान्ति आदर्श मा. वि. विगु ४ | २०००० |
| २६. | गोगनेश्वरी प्रावि विगु १ | १५००० |
| २७. | ठाडिदेउलाङ आ. वि. विगु १ | १५००० |
| २८. | गौरिशंकर प्रावि विगु १ | १५००० |
| २९. | गोगरडाँडा प्रावि विगु १ | १५००० |
| ३०. | गौरिशंकर मा. वि. विगु १ | २०००० |
| ३१. | ठोङठोङ प्रावि विगु १ | १५००० |
| ३२. | देवलिङगेश्वर मागि विगु २ | २०००० |
| ३३. | देउलाङखानी प्रावि विगु २ | १५००० |
| **जम्मा** | | ५५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५०,००० |

८३ **इन्टरनेट जडान तथा सञ्चालन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले माध्यमिक विद्यालय इन्टरनेट जडान कार्यक्रम अतर्गत ३७ वटै विद्यालयहरुलाई रु. १२ हजारका दरले जम्मा रु. ४४४०००।- निकासा गरेकोमा सम्बन्धित विद्यालयहरुमा इन्टरनेट जडान गरेको पुष्टि- हुने प्रमाण कागजात पेश गरेको देखिएन । अतः सम्बन्धित विद्यालयहरुमा इन्टरनेट जडान तथा उपयोग गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४४,००० |

८४ **जिन्सी दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) र (१०) मा खर्चका विल भर्पाइ सहितको लेखा राख्नुपर्ने र राख्न लगाउनुर्ने उल्लेख छ। गाउँपालिकाले देहायका विद्यालयहरुलाई विद्यालय व्यवस्थापन सामग्री (फर्निचर तथा फर्निसिङ्ग) खरिद वापत रु. ६०००००।- निकासा दिएको र विद्यालयले सामग्री खरिद गरेको बिल भर्पाई पेश गरेकोमा उक्त सामानहरु विद्यालयको जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं/ मिति | विद्यालयको नाम | आपूर्तिकर्ता को नाम | रकम रु. |
|---|---|---|---|
| ५१२/०७९/१२/१६ | देवीटार मा.वि | N.B.K suppliers pvt ltd Dolakha Nepal | २००००० |
| ५१४/०७९।१२।१६ | हिमखण्डे भुवनेश्वरी आ. वि. | | २००००० |
| ७९०/०८०/३/२३ | हिमालय माध्यामिक विद्यालय | | २००००० |
| **जम्मा** | | | **६०००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

८५ **स्वास्थ्यतर्फ दरबन्दी तथा पदपूर्ति स्थिति** - गाउँपालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

| **स्वास्थ्य संस्थाको किसिम** | **स्वास्थ्य संस्थाको संख्या** | **सेवाग्राहीको संख्या** | **स्वास्थ्यकर्मीको दरबन्दी संख्या** | **पदपूर्ति संख्या** | **रिक्त संख्या** |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी | ८ | २९००० | ४६ | ३२ | १४ |

उक्त विवरण अनुसार गाउँपालिका अन्तर्गत ८ स्वास्थ्य केन्द्र/चौकीमा कुल ४६ दरबन्दी रहेकोमा हाल ३२ पदमा स्थायी तथा पद करार मार्फत पूर्ति गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ । साथै विभिन्न पदमा १४ पद रिक्त रहेको देखिन्छ । रिक्त पदहरु समयमै पदपूर्ति गर्ने तर्फ पहल गर्नुपर्दछ ।

८६ **स्वीकृत दरबन्दी भन्दा बढी सेवा करार** - गाउँपालिका अन्तर्गत ८ स्वास्थ्य केन्द्र/चौकीमा कुल ४६ दरबन्दी रहेकोमा विभिन्न महिनामा ४८ देखि ५८ जनासम्मलाई तलब/भत्ता भुक्तानी गरेको पाइयो । २०७९ माघमा स्वास्थ्य सेवा तर्फ प्रदेश लोक सेवा आयोगको सिफारिशमा २० जना स्थायी पदपूर्ति भए पश्चात् पनि दरबन्दी भन्दा बढी कर्मचारी सेवा करारमा राखी खर्च लेखेको तलब, भत्ता रकम नियमसम्मत नदेखिएको रु.

| **महिना** | **स्थायी** | **करार** | **जम्मा** | **दरबन्दी बेगरको जनशक्ति** | **दरबन्दी बेगरको जनशक्तिलाई भुक्तानी** |
|---|---|---|---|---|---|
| श्रावण | १८ | ३५ | ५३ | ७ | २३०३१४ |
| भाद्र | १८ | ३५ | ५३ | ७ | २३०३१४ |
| आश्विन | १७ | ३२ | ४९ | ३ | ९८७०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्तिक | १७ | ३१ | ४८ | २ | ६५८०४ |
| मङ्सिर | १७ | ३१ | ४८ | २ | ६५८०४ |
| पुष | १७ | ३१ | ४८ | २ | ६५८०४ |
| माघ (२० जना स्थायी पदपूर्ती भएको ) | ३७ | २१ | ५८ | १२ | ३९४८२४ |
| फाल्गुण | ३७ | २१ | ५८ | १२ | ३९४८२४ |
| चैत्र | ३६ | २१ | ५७ | ११ | ३६१९२२ |
| वैशाख | ३६ | २१ | ५७ | ११ | ३६१९२२ |
| ज्येष्ठ | ३६ | २१ | ५७ | ११ | ३६१९२२ |
| आषाढ | ३६ | २१ | ५७ | ११ | ३६१९२२ |
| **जम्मा** | | | | | **२९९४०८२** |

| | |
|---|---|
| अनियमित भएको | २९,९४,०८२ |

८७ **औषधी खरिद सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नलिखित आपूर्तक फर्मबाट रु. २२८८९०९।- मूल्यका औषधि तथा औषधिजन्य वस्तु खरिद गरेकोमा निम्न व्यहोरा देखिएका छन् ।

| **भौ.नं./मिति** | **खरिद विधि** | **आपूर्तक फर्मको नाम** | **भुक्तानी रु.** |
|---|---|---|---|
| **संघीय सशर्त-चालुबाट** | | | |
| १९८-०८०।२।२५ | सोझै खरिद | डालिमा मेडिसेल्स, बबरमहल | ८४९८९१ |
| ३०३-०८०।३।२३ | सोझै खरिद | डालिमा मेडिसेल्स, बबरमहल | २४३८३० |
| **गा.पा. स्वास्थ्य चालुबाट** | | | |
| ११-०७९।११।१८ | सोझै खरिद | डालिमा मेडिसेल्स, बबरमहल | ३०१०१४ |
| १२-०७९।११।१८ | सोझै खरिद | भोलेनाथ मेडिहेल्थ प्रा.लि. | २५८९२२ |
| २४-०८०।३।२० | सोझै खरिद | जयबाबा मेडिसिन सोलुसन्स प्रा.लि. | १३९३५१ |
| २६-०८०।३।२० | सोझै खरिद | जयबाबा मेडिसिन सोलुसन्स प्रा.लि. | ३९३४०९ |
| ३२-०८०।३।२३ | सोझै खरिद | डालिमा मेडिसेल्स, बबरमहल | १०२४९२ |
| **जम्मा** | | | **२२८८९०९।-** |

• आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,

• औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।

• खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।

• जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(ख) विपरीत एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८८ **औषधि खरिद तथा सोको म्याद समाप्त मिति सम्बन्धमा** - कार्यालयले विभिन्न मितिमा खरिद गरेका देहायका औषधिको म्याद समाप्त हुने अवधि १८ महिनाभन्दा घटी रहेको देखिएकोले यसरी पुरा अवधिको औषधि खरिद गर्नेलाई जिम्मेवार बनाई यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने साथै यस्तो खरिद नियमसम्मत् नदेखिएको रु.

| **औषधि विवरण** | **परिमाण** | **रकम** | **दाखिला मिति** | **हुनुपर्ने Expiry Date** | **दाखिला प्रतिवेदन अनुसारको Expiry date** |
|---|---|---|---|---|---|
| Salbutamol 4 mg Tablet | २०००० | २०००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.११.३० |
| Ibuprofen 400 mg Tablet | १०००० | २५००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.११.३० |
| Metronidazole 200mg/5ml 60ml suspension | ६०० | २७००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.११.३० |
| Azithromycin 500 mg Tablet | ३००० | ८१००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.०६.३० |

| | | | | | |
|---|---|---|---|---|---|
| Cetirizine Hcl 10 mg Tablet | ४०००० | १२०००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.०२.२९ |
| Diclofenac potassium 50 mg Tablet | १०००० | ३०००० | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.१०.३१ |
| Rectified Spirit 400 ml | ७५ | १८६४५ | २०२३.०६.०८ | २०२५.०१.०७ | २०२४.०६.३० |
| Etophylline and Theophylline 150 mg Extended Release Tablet | ५००० | १०००० | २०२३.०२.२८ | २०२४.०८.२७ | २०२४.०१.३१ |
| Oxytocin 10 IU/ml injection | २०० | ६००० | २०२३.०२.२८ | २०२४.०८.२७ | २०२३.१२.३१ |
| **जम्मा** | | **३३७६४५** | | | |

| | |
|---|---|
| अनियमित भएको | ३,३७,६४५ |

८९ **स्वास्थ्य संस्थाको प्रोत्साहन रकम दाखिला नभएको** - मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाहरुमा डेलिभरी गराए वापत प्रति केस रु. २५००।- का दरले स्वास्थ्य संस्थाहरुले प्रोत्साहन रकम पाउने व्यवस्था रहेको छ । सो बापतको रकम स्वास्थ्य संस्था इञ्चार्जहरुलाई भुक्तानी गर्ने गरेकोमा देहायका कर्मचारीले स्वास्थ्य संस्थाको प्रोत्साहन बापतको रकम स्वास्थ्य संस्थाको खातामा जम्मा गरेको नदेखिएकोले यथाशीघ्र सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.१२७०००।-

| **भौ.नं./मिति** | **स्वास्थ्य संस्था** | **पेश्की लिने कर्मचारीको नाम** | **डेलिभरी संख्य** | **स्वास्थ्य संस्था प्रोत्साहन रु.** |
|---|---|---|---|---|
| **संघीय सशर्त-चालु** | | | | |
| ५४-०७९।८।९ | आलम्पु स्वास्थ्य चौकी | सि.अ.न.मि. श्री कृष्णकुमारी थामी | ६ | १४००० |
| २६९-०८०।३।२० | ओराङ्ग स्वास्थ्य चौकी | अ.न.मि. श्री जयन्ती भुजेल | २३ | ५८००० |
| ३०५-०८०।३।२३ | बुलुङ्ग स्वास्थ्य चौकी | हे.अ. श्री सरोज आचार्य | २२ | ५५००० |
| **जम्मा** | | | **५१** | १२७००० |

| | |
|---|---|
| अनियमित भएको | १,२७,००० |

९० **सेवा करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, बगैंचे, चौकीदार, कार्यालय सहयोगी आदिको पद बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नमिल्ने कानूनी व्यवस्था रहेको छ । यस सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दीभन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । तर गाउँपालिकाले गत विगत वर्षदेखि सेवा करारमा राख्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको पारिश्रमिकमा यस वर्ष मात्र ५१,७७,८२९।- खर्च भएको छ । स्थानीय सरकार गठन भएको ५ वर्ष पुरा भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) बाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगबाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति माग गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य नियमसम्मत देखिएन ।

| सि नं. | पद | कर्मचारीको नाम | मासिक तलब | चाडपर्व खर्च समेत वार्षिक पारिश्रमिक |
|---|---|---|---|---|
| १ | इन्जिनियर | श्री पर्वत पोखेल | ४३६८९ | ५२४२६८ |
| २ | सूचना प्रविधि अधिकृत | श्री भीम कुमार थामी | ४३६८९ | ६४८३५७ |
| २ | कृषि अधिकृत | श्री उज्वल ध्वज खड्का | ४३६८९ | ५२४२६८ |
| ३ | अ.सब. ईन्जिनियरर | श्री दिपेश थामी | 32902 | ३९४८२४ |
| ४ | अ.सब. ईन्जिनियरर | श्री रबिन बुढाथोकी | ३२९०२ | ३९४८२४ |
| ५ | एमआइएस अपरेटर पाँचौ | श्री सुजन नेपाली | ३४७३० | ४१६७६० |
| ६ | फिल्ड सहायक चौथो | श्री रमिला ओली | ३२९०२ | ३९४८२४ |
| ७ | प्राविधिक सहायक | श्री शिवाबहादुर ठकुरी | १९५५० | २३४६०० |
| ८ | पशु प्रा. पाँचौ | श्री तारा कुमार राई | ३४७३० | ४१६७६० |
| ९ | पशु प्रा. पाँचौ | श्री विवश मैनाली | ३४७३० | ४१६७६० |
| १० | कृषि प्रा. पाँचौ | श्री दिपेन्द्र पन्त | ३४७३० | ४१६७६० |
| ११ | ना.प्.स्वा. प्रा | श्री शेरबहादुर थामी | ३२९०२ | ३९४८२४ |
| **जम्मा** | | | | **५१७७८२९** |

९१ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाउँपालिका चालु शिर्षकबाट खाना तथा विविध भैपरी आउने खर्चमा रु. ४७९८५९६ खर्च लेखाङ्कन गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

९२ **इन्धन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पदाधिकारी इन्धनमा रु. ४९६४२०।- तथा कार्यालय इन्धनमा रु.६४०११०७।- गरी जम्मा रु. ६८,९७,५२७।- खर्च लेखाङकन गरेको पाइयो । इन्धन खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

९३ **अनुगमन तथा मूल्याङ्कन खर्च** - भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुगमन तथा मूल्याङ्कनमा रु.४८५००० र कर्मचारी तथा पदाधिकारी भ्रमण खर्च रु.३४९६३५१ गरी जम्मा रु.३९८१३५१ खर्च लेखाङ्कन गरेकोमा भ्रमण भ्रमणको उदेश्य खुलाई प्रतिवेदन गर्ने गरेको देखिएन ।

९४ **प्राविधिक फिल्ड भत्ता** - सार्वजनिक खरिद नियमावली, २६४ को नियम ९५ बमोजिम सेवा करारका कर्मचारी करार पत्रमा तोकिए अनुसारका सेवा शुल्क वा पारिश्रिमक मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले सेवा करारमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई गाउँसभा २०७९।३।१० को निर्णय बमोजिम मासिक तलबको २० प्रतिशत र २ वडाको जिम्मेवारी वहन गर्नेलाई ४० प्रतिशतका दरले प्राविधिक फिल्ड भत्ता गराउने निर्णय गरी यो वर्ष इञ्जिनियर, सब-इञ्जिनियर लगायत ६ जना प्राविधिक कर्मचारीलाई रु. ५२०,७०७।- फिल्ड भत्ता भुक्तानी गरेको पाइयो । सेवा करार पत्रमा तोकिए अनुसारका सेवा शुल्क वा पारिश्रिमक मात्र भुक्तानी गर्नुपर्दछ ।

९५ **मसलन्द तथा कार्यालय सामान खरिद व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । गाउँपालिकाले कार्यालय सामानको लागि जम्मा रु. ५० लाख विनियोजन गरेकोमा सबै रकम खर्च भएको पाइयो । उक्त सबै खरिद विना प्रतिस्पर्धा सोझै खरिद विधिबाट भएको पाइयो । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

९६ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले आर्थिक सहायता सम्बन्धी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा गाउँ कार्यपालिका निर्णय अनुसार विपद तथा आकस्मिक कोष, औषधी उपचार, किरिया खर्च, दैवी प्रकोप पीडित लगायतका आर्थिक सहायता बापत रु.१९,६३,३७४ ।- वितरण गरेको देखियो। अतः यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

९७ **सवारी साधन खरिदभन्दा पहिलेको मर्मत खर्च दाबी** - गाउँपालिकाले वडा अध्यक्षहरुलाई सवारी साधन सुविधा अन्तर्गत २०७९ माघ २० मा मोटरसाइकल उपलब्ध गराएको छ । नमुना परीक्षण गर्दा देहाएका

वडा अध्यक्षहरुले मोटरसाइकल बुझेको मिति भन्दा पहिलेको मितिमा मोटरसाइकल नं. समेत नखुलाई मर्मतको बिल पेश गरी भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गो भौ नं/ मिति | विवरण | वडा अध्यक्षको नाम | विल मिति | बिल रकम |
|---|---|---|---|---|
| २३१/ २०७९।९।१३ | मोटरसाइकल मर्मत | श्री दल बहादुर श्रेष्ठ | २०७९।७।८ | २३९७४ |
| ४४१/२०७९।१२।३ | मोटरसाइकल मर्मत | श्री मेम बहादुर तामाङ | श्रावण देखि फागुन २ सम्म को | ३२६५० |
| **जम्मा** | | | | **५६६२४।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,६२४ |

९८ **शीर्षक फरक पारी खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने तथा (१२) मा बजेट अपर्याप्त रहेको तर खर्च नगरेमा सरकारी हानि नोक्सानी हुने वा काममा वाधा पर्ने अवस्था भएमा खर्च गरी लेखा उत्तरदायी अधिकृतबाट नियम ४३ वमोजिम नियमित गर्न सक्ने उल्लेख छ । कार्यालयले केही खर्च शीर्षक तथा संकेत फरक पारी लेखांकन गरेकोमा उक्त खर्च गाउँ कार्यपालिकाबाट अनुमोदन गराएको छैन । यसरी शीर्षक फरक पारी खर्च लेखेको नियमसम्मत देखिएन।

| भौ नं | खर्च विवरण | खर्च लेखांकन गरेको शिर्षक तथा कार्यक्रम | खर्च लेखांकन गर्नुपर्ने शिर्षक तथा कार्यक्रम | खर्च रकम |
|---|---|---|---|---|
| १३८ | सवारी साधन मर्मत | इन्धन | सवारी साधन मर्मत तथा संभार | ७९९८६ |
| २५१ | इन्धन बापत भुक्तानी | सवारी साधन मर्मत | इन्धन | ३३६४१९ |
| २८५ | पाइप खरिद | विविध | कार्यालय सामाग्री | २२९९५ |
| २८६ | Dron camera, gopro camera | विविध | मेशिन/औजार | ३६३८६० |
| ३१७ | ट्राफिक संकेत बोर्ड | विविध | सामग्री | ३३६३९ |
| ९८९ | इन्धन खर्च | सवारी साधन मर्मत | इन्धन | ३८६१० |

९९ **बढी भुक्तानी** - गाउँपालिका खोपाचागु स्वास्थ्य चौकीमा चौथो तहमा कार्यरत देवी गुरुङ २०७९।०५।१५ बाट अनिवार्य अवकाश भएको देखिन्छ । २०७९ को घटस्थापना आश्विन १० मा परेको सोको आधारमा २०७९।०५।२५ सम्म सेवामा रहेको अवस्थामा मात्र चाडपर्व खर्च भुक्तानी गर्न मिल्ने देखिएकाले

गो.भौ.नं २४ मिति २०७९।०६।०७ बाट चाड पर्व बापतको रकम रु ३२९०२ भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,९०२ |

१०० **अनुदान व्यवस्थापन तथा सोको उपयोग स्थिति** - बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले गाउँसभाबाट सोझै योजना पारित गरी केही नाफामूलक फर्महरुलाई समेत विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो । निश्चित मापदण्ड तथा सूचकका आधारमा परियोजना प्रस्ताव माग गरी उपयुक्त संस्था छनोट गरी अनुदान प्रवाह गर्नुपर्नेमा सो प्रकृया बेगरै यस्ता संस्था छनोट गरेको साथै अनुदानको उपयोग स्थिति तथा उपलब्धि मापन नगरेको अवस्था देखियो ।

अतः अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **क. स.** | **अनुदानको क्षेत्र** | **कार्यक्रम संख्या** | **अनुदान रकम** |
|---|---|---|---|
| १ | कृषि तर्फ | ६ | २४५०००० |
| २ | पशु तर्फ | १५ | ९०००००० |
| **जम्मा** | | | **११४,५०,०००** |

१०१ **सामाजिक सुरक्षा भत्ता** - आर्थिक वर्ष २०७९।८० मा गाउँपालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| **गाउँपालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)** | **लाभग्राही संख्या** | **लाभग्राही प्रतिशत** | **सामाजिक सुरक्षा खर्च रु.** |
|---|---|---|---|
| १८४४९ | २६८७ | १४.५६ | १०५६९६३८४ |

१०२ **नागरिकता नम्बर एकै भएका लाभग्राही** - नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ । यस गाउँपालिका अन्तर्गतका वडाको प्रथम त्रैमासिकको लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता निकासाको विवरण नमुना परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिएको छ ।यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम. आइ. एस. प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

| प्रथम त्रैमासिक | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा नं. | लाभग्राही नाम | ना.नं. | व्यक्तिगत परिचय नं. | रकम भुक्तानी |
| १ | २ | Kali Thakhuri | ११०३७२ | १९९९१११५०१२२९ | १२००० |
| २ | | Ratnamaya Magar | | २००४०४१८००३०१ | १२००० |
| ३ | ३ | Dwaj Bahadru Tamang | १४३६१७१ | २००००७०२००७६९ | १२००० |
| ४ | | Tak Maya Tamang | | २०००१०१७००८९४ | १२००० |
| ५ | | Gyan Kumari Bhujel | २२३०२७१०१ | २०११०१११००६४६ | १२००० |
| ६ | | Hari Kumari Katuwal | | २००४१०२००२०८६ | १२००० |
| ७ | | Shrimati Sukmaya Tamang | १८८०१०५९ | २०१०१०२८००३४६ | १२००० |
| ८ | | Prem Kumari Khadka | | २०१६०२२६००२२९ | ७९८० |
| ९ | | Dha Kumari Khadka | १५७४४४४७ | २०१३०३०५००८०६ | ७९८० |
| १० | | Him Kumari Khadka | | २०१५०४०३००३२५ | ७९८० |
| ११ | ४ | Arjun Tamang | २२३०३१३३ | २०२१०२१००१८८२ | ११९७० |
| १२ | | Subash Tamang | | २०४७०६०९०२२६८ | ६३८४ |
| १३ | ५ | Dhana Laxmi Gurung | १२२६ | १९९३०५०७००२७२ | १२००० |
